# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधपत्र सडक गजल सङ्ग्रहका गजलहरूको शैलीवैज्ञानिक अध्ययन विश्लेषणमा केन्द्रित रहेर तयार पारिएको हो । सडक गजल सङ्ग्रह (वि.सं. २०७३) युवा गजलकार कमल संघर्षद्वारा रचिएको गजल सङ्ग्रह हो । कमल संघर्ष नेपाली गजलको क्षेत्रमा विविध विषयवस्तुमा स्तरीय गजल लेख्ने गजलकारमध्ये एक हुन् । उनका गजलहरूमा विविध विषयवस्तु समेटिएको पाइन्छ । यस गजल सङ्ग्रहलाई २०७४ सालको जोगमाया गजल पुरस्कार प्रदान गरिएको छ । नेपाली गजलको उर्वर क्षेत्रमा सडक गजल सङ्ग्रहले आफ्नो महत्त्व दर्शाएको छ । सडक गजल सङ्ग्रहमा सङ्गृहीत गजलहरूमा पर्याप्त मात्रामा शैलीवैज्ञानिक पद्धतिहरूको प्रयोग भएको हुनाले शैलीवैज्ञानिक दृष्टिले यो कृति अध्ययनीय छ ।

प्रायोगिक भाषाविज्ञान र साहित्यिक समालोचनाका क्षेत्रमा विकसित शैलीविज्ञान आधुनिक विधा हो । शैलीविज्ञानले कुनै पनि कृति वा पाठको शैलीको वस्तुपरक विश्लेषण गर्दछ । यो कुनै पाठमा प्रयुक्त भाषिक अभिव्यक्तिको ढङ्गढाँचा वा तरिकाको अध्ययन विश्लेषण गर्ने वस्तुगत समीक्षा हो । भाषिक चयन र अग्रभूमि निर्माण कृतिको शैलीवैज्ञानिक पद्धति हुन्। साहित्यकारले कुनै कुराको अभिव्यक्ति दिने क्रममा उपलब्ध विभिन्न विकल्पहरूमध्ये आफूलाई पायक पर्ने कुनै एउटा विकल्प छनोट गर्नु नै चयन हो । चित्रकलाका क्षेत्रमा प्रयुक्त अग्रभूमि निर्माणलाई साहित्यिक समीक्षाका रूपमा पनि उपयोग गरिएको छ । रचनाकारले आफ्नो कृतिगत अभिव्यक्तिलाई नवीन, आकर्षक, विशिष्ट, मौलिक, प्रभावकारी र सुमधुर बनाउन कृतिका निश्चित ध्वनि, शब्द, पदावली, वाक्य र अर्थलाई विशेष जोड दिई अगाडि ल्याउनु नै अग्रभूमि निर्माण हो । यसका विचलन र समानान्तरता गरी दुई पक्ष हुन्छन् । साहित्यका विविध विधामा शैलीवैज्ञानिक अध्ययन भए पनि गजल विधामा भने पर्याप्त मात्रामा अध्ययन अनुसन्धान हुन सकेको पाइँदैन । सडक गजल सङ्ग्रहका गजलहरूको शैलीवैज्ञानिक अध्ययन हुनु नितान्त आवश्यक पनि छ । अतः

सडक गजल सङ्ग्रहका गजलहरूको शैलीवैज्ञानिक दृष्टिले अध्ययन विश्लेषण गरी यो शोधपत्र तयार पारिएको हो ।

## १.२ समस्याकथन

सडक गजल सङ्ग्रहका गजलहरूको शैलीवैज्ञानिक अध्ययन विश्लेषण नै प्रस्तुत शोधकार्यको मूल समस्या हो । यस मूल समस्याको समाधानमा पुग्नका लागि निम्नलिखित शोधप्रश्नहरूको वस्तुगत र तथ्यपरक विश्लेषण गरिएको छ :

(क) गजल संरचना र तत्त्वकाआधारमा सडक गजल सङ्ग्रहभित्रका गजलहरू के कस्तो छन्?

(ख) उक्त गजल सङ्ग्रहका गजलहरूमा के कस्तो भाषिक चयन पाइन्छ ?

(ग) उक्त सङ्ग्रहका गजलहरूमा विचलन र समानान्तरताको उपयोग के कसरी गरिएको छ ?

## १.३ शोधकार्यको उद्देश्य

सडकगजल सङ्ग्रहका गजलहरूको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्नु नै प्रस्तुत शोधकार्यको मूल उद्देश्य हो । मूल उद्देश्य प्राप्तिका निम्ति अन्य उद्देश्यहरू यसप्रकार निर्धारण गरिएका छन् :

(क) गजलको संरचना र तत्त्वका आधारमा सडक गजल सङ्ग्रहका गजलहरूको विश्लेषण गर्नु,

(ख) उक्त गजल सङ्ग्रहका गजलहरूमा रहेका भाषिक चयनको खोजी गर्नु र

(ग) उक्त सङ्ग्रहका गजलहरूमा उपयोग गरिएका विचलन र समानान्तरता पहिल्याउनु ।

## १.४ शोधकार्यको सान्दर्भिकता र उपादेयता

साहित्यका विविध विधाहरूमध्ये गजल लोकप्रिय विधा हो र वर्तमान समयमा सबैभन्दा बढी फस्टाएको विधा पनि हो । यस विधामा आजसम्म पर्याप्त मात्रामा शोधकार्य

हुन सकेका छैनन् । गजलको शैलीवैज्ञानिक अध्ययन त अझ अपर्याप्त र सीमित भएको पाइन्छ ।यसै सन्दर्भमा नेपाली गजलका क्षेत्रमा विशिष्ट स्थान बनाउन सफल युवा गजलकार कमल संघर्षद्वारा रचित सडक गजल सङ्ग्रहमा रहेका गजलहरूको अध्ययन हालसम्म कहीँ कतै नभएकाले यिनको भाषिक चयन, विचलन र समानान्तरता गजलको स्वरूप, संरचना र तत्त्वका आधारमा उक्त कृतिको विश्लेषण गरिएको यस शोध अध्ययनको सान्दर्भिकता पुष्टि हुन्छ । गजल विधामा पर्याप्त शोध अनुसन्धान, नभएको वर्तमान समयमा गजलको शैलीवैज्ञानिक अध्ययन हुनु सान्दर्भिक छ । नेपाली गजल साहित्यको क्षेत्रलाई अगाडि बढ्न यस कृतिले महत्त्वपूर्ण सहयोग गर्ने छ । सडक गजल सङ्ग्रह सङ्कलित गजलहरूको भाषिक चयन, विचलन र समानान्तरता स्पष्ट किटान गर्न यस अध्ययनले महत्त्व प्रदान गरेको छ ।गजलमा प्रयुक्त भाषाशैली सौन्दर्यको अध्ययन गरी त्यसमा निहित सौन्दर्यात्मक पक्षको आस्वादन गर्नमा उपयोगी रहेको छ । नेपाली गजलका क्षेत्रमा देखिएका गजलहरूमध्ये उक्त गजल सङ्ग्रहको स्थान निर्धारण गर्ने आधार प्राप्त हुने छ । साथै भावीअनुसन्धानकर्तालाई मार्ग निर्देश, पाठ्यक्रमको आवश्यकता पूर्ति, लेखन क्षमता विकास, समालोचना तथा समीक्षा गर्न सहयोग पुऱ्याउने हुँदा शोधकार्यको उपादयेता रहेको छ ।

## १.५ शोधकार्यकोसीमाङ्कन

प्रस्तुत शोधकार्यलाई सही मार्ग निर्देश गर्नका लागि यसप्रकार सीमाङ्कन राखेर गरिको छ :

(क) प्रस्तुत शोधकार्य कमल संघर्षको सडक गजल सङ्ग्रहमा सङ्कलित ७६ ओटा गजलहरूको अध्ययन विश्लेषणमा मात्र सीमित रहेको छ ।

(ख) प्रस्तुत शोधकार्य सडक गजल सङ्ग्रहका गजलहरूकोसंरचना र तत्त्वका आधारमा विश्लेषण गर्नमा सीमित रहेको छ ।

(ग) प्रस्तुत शोधकार्य उक्त गजल सङ्ग्रहमासङ्कलित गजलहरूको शैलीवैज्ञानिक पद्धतिअन्तर्गत भाषिक चयन, विचलन र समानान्तरताको विश्लेषणमा मात्र सीमित रहेको छ ।

(घ) प्रस्तुत शोधकार्य सडक गजल सङ्ग्रहका गजलहरूको शैलीवैज्ञानिक अध्ययन विश्लेषणका क्रममा बीसजना पाठकको अभिमतलाई समेटिएको छ ।

## १.६ **शोधपत्रको रूपरेखा**

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : गजलको संरचना र तत्त्वका आधारमा सडक गजलसङ्ग्रहका गजलहरूको विश्लेषण

अध्याय पाँच : भाषिक चयनका आधारका सडक गजल सङ्ग्रहका गजलहरूको विश्लेषण

अध्याय छ : सडक गजल सङ्ग्रहका गजलहरूमा अग्रभूमि निर्माण र पाठक अभिमत

अध्याय सात : सारांश र उपयोगिता

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा

## २.१ पूर्वकार्यको पुनरावलोकन

प्रस्तुत शोधकार्यका लागिसडक गजल सङ्ग्रहमा सङ्गृहीत गजलहरूको शैलीवैज्ञानिक अध्ययन शीर्षकसँग निकट रहेका विगतका पुस्तक, लेख, तथा शोधपत्रहरूको अध्ययनको पुरनावलोकन गरिनु आवश्यक छ । शैलीविज्ञानसम्बन्धी थुप्रै पुस्तकहरू, शोधपत्रहरू, अध्ययन भए पनि गजलमा भने पर्याप्त मात्रामा लेखन र शोध अध्ययन अनुसन्धान हुन सकेको छैन । यसअगि भएका केही अध्ययन तथा शोधकार्य नै यस अध्ययनका लागि पूर्वकार्य हुन् । प्रस्तुत शोधकार्यका लागि आधार र सहयोग पुऱ्याउने शैलीविज्ञान र गलजसम्बन्धी पूर्वकार्यका पुनरावलोकनलाई पुस्तक पुनरावलोकन र शोधकार्य पुनरावलोकन गरी छुट्टाछुट्टै रूपमा यसप्रकार उल्लेख गरिएको छ :

### २.१.१ पुस्तक पुनरावलोकन

शर्मा (२०४८) द्वारा 'शैलीविज्ञान'पुस्तकमा शैली, शैलीविज्ञान, यसको परिभाषा, स्वरूप, विश्लेषण प्रक्रिया, कृतिको भाषिक तथा साहित्यिक संरचना, शैलीविज्ञानको क्षेत्र आदिका बारेमा उल्लेख गरिएको छ । उक्त पुस्तकमा उल्लेख भएका शैलीविज्ञान र शैली विश्लेषण प्रक्रियाका कुराहरू प्रस्तुत शोधकार्यसँग सम्बन्धित र अत्यन्त महत्त्वपूर्ण आधारका रूपमा रहेका छन् । शैलीविज्ञानको सैद्धान्तिक पक्षको उल्लेख गरी केही कृतिहरूको शैलीको विश्लेषणसमेत गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य विशिष्ट र भिन्न छ तापनि उक्त पूर्वकार्यबाट सैद्धान्तिक आधार लिएर प्रस्तुत शोधकार्यमा भाषिक चयन र अग्रभूमि निर्माणको विश्लेषण गरिएको छ ।

बराल (२०६४) द्वारा 'गजल सिद्धान्त र परम्परा' पुस्तक प्रकाशित भएको छ । चार परिच्छेदमा संरचित उक्त पुस्तकमा गजल सिद्धान्त, गजल परम्परा र महत्त्वपूर्ण नेपाली गजलकारहरूको चर्चा गरिएको छ । गजलको सैद्धान्तिक अध्ययन भएको उक्त पुस्तक र गजल सङ्ग्रहका गजलहरूको शैलीवैज्ञानिक अध्ययन गरिएको प्रस्तुत शोधकार्यसँग विधागत र सैद्धान्तिक दृष्टिले अर्न्तरसम्बन्धित रहेको छ । गजलको सिद्धान्त परम्पराको चर्चा गरिएको

उक्त पुस्तकभन्दा प्रायोगिक प्रकृतिको प्रस्तुत शोधकार्य गजलहरूको शैलीवैज्ञानिक अध्ययन विश्लेषण हुने भएकाले भिन्न समेत रहको छ । उक्त पुस्तकले गजलको सैद्धान्तिक स्वरूप, संरचना र तत्त्वको अध्ययन विश्लेषणमा प्रस्तुत शोधकार्यलाई महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।

नेपाल (सन् २००९) द्वारा 'शैलीविज्ञान'(दो.स.) पुस्तकमा शैलीविज्ञानका सैद्धान्तिक पक्ष, त्यसको इतिहास र परम्पराका बारेमा विवेचना गरिएको छ । उक्त सैद्धान्तिक कुरा प्रस्तुत शोधकार्यअन्तर्गत गरिने भाषिक चयन र अग्रभूमि निर्माणसम्बन्धी विश्लेषणको प्रायोगिक अध्ययनभन्दा भिन्न भए पनि महत्त्वपूर्ण र सम्बन्धित रहेको छ । उक्त सैद्धान्तिक पक्षको अध्ययनले प्रस्तुत शोधकार्यअन्तर्गत गरिएको गजलको भाषिक चयन, विचलन र समानान्तरताको खोजी र विश्लेषणमा सहयोग पुऱ्याएको छ ।

शर्मा र लुइटेल (२०६७) द्वारा 'पूर्वीय र पाश्चात्य साहित्यसिद्धान्त' पुस्तक प्रकाशन भएको छ । पूर्वीय र पाश्चात्य खण्ड गरी दुई खण्डमा विभाजित उक्त पुस्तकमा पाश्चात्य प्रणाली खण्डको सातौं अध्यायभित्र शैलीविज्ञानको परिचय, परिभाषा, प्रकार, भाषाविज्ञान र साहित्यशास्त्रसँगको सम्बन्ध, सैद्धान्तिक मान्यता शैलीवैज्ञानिक समालोचनाका तहहरू, पद्धति र विधि तथा कृति विश्लेषणको प्रारूप र प्रक्रिया चरणहरू जस्ता शीर्षक उपशीर्षकको सविस्तार चर्चा गरिएको छ । शैलीवैज्ञानिक पद्धति र विश्लेषणको चर्चा गरिएको उक्त पुस्तक प्रस्तुत शोधकार्यको शैलीवैज्ञानिक विश्लेषण प्रक्रियासँग सम्बन्धित छ । उक्त पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यअन्तर्गत भाषिक चयन, विचलन र समानान्तरता खोज्न सहयोग पुऱ्याएको छ ।

लम्साल गौतम र अधिकारी (२०६७) द्वारा 'प्रायोगिक भाषाविज्ञान' पाठ्यपुस्तक प्रकाशन भएको छ । उक्त पुस्तकको अध्याय पाँचमा शैलीविज्ञानको चर्चा रहेको छ । शैलीविज्ञानको परिचय, शैलीविज्ञानको पूर्वीय पाश्चात्य विकास परम्परा, शैलीविज्ञानको आधुनिक सङ्कल्पना, शैली विश्लेषण आदि शीर्षक उपशीर्षहरूको चर्चा परिचर्चा पाइन्छ । शैलीवैज्ञानिक पद्धति र विश्लेषण गरिएको उक्त पुस्तक प्रस्तुत शोधकार्यको शैलीवैज्ञानिक विश्लेषण प्रक्रियासँग सम्बन्धित छ । उक्त पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यको उद्देश्य निर्धारण र अध्ययनको सीमा पहिल्याउन सहयोग पुऱ्याएको छ ।

लामिछाने (२०७०) द्वारा 'प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम' पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तकको अध्याय तीनमा शैलीविज्ञानको चर्चा गरिएको छ । उक्त अध्यायभित्र शैलीविज्ञानको परिचय, सामान्य र साहित्यिक शैलीविज्ञान, शैलीविज्ञानको परम्परागत पद्धतिमा पूर्वीय मान्यता र पाश्चात्य मान्यता, शैलीविज्ञानको विकास, विश्लेषण प्रक्रिया, शैलीविश्लेषणमा उत्तरवर्ती विकास, शैलीविश्लेषण, भाषाशिक्षण र शैली विश्लेषणको अभ्यास जस्ता विषयमा विस्तृत चर्चा गरिएको छ । शैलीवैज्ञानिक पद्धति र विश्लेषण गरिएको उक्त पुस्तक प्रस्तुत शोधकार्यको शैलीवैज्ञानिक विश्लेषण प्रक्रियासँग सम्बन्धित छ । शैलीविज्ञानको सैद्धान्तिक चर्चा भएको उक्त पुस्तकभन्दा प्रस्तुत शोधकार्य शैलीविज्ञानिक विश्लेषण प्रक्रियाको खोजी हुने हुनाले प्रायोगिक दृष्टिले भिन्न छ तापनि उक्त पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यलाई शैलीवैज्ञानिक भाषिक चयनमा सहयोग पुगेको छ ।

### २.१.२ **शोधकार्यको पुनरावलोकन**

पुडासैनी (२०६०) द्वारा 'राजेश्वरी खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधकार्य गरिएको छ । भाषा संरचना, चयन, विचलन र समानान्तरताको विश्लेषण गर्ने उद्देश्यले उक्त शोधकार्य सम्पन्न गरिएको छ । पुस्तकालयीय अध्ययन सम्पन्न गरिएको राजेश्वरी खण्डकाव्यमा ध्वनिप्रक्रियात्मक, व्याकरणिक र अर्थतात्त्विक विचलन मुख्य रूपमा प्रयोग भएको तथा आन्तरिक र बाह्य समानान्तरताको उपयुक्त प्रयोगले शोधकार्य विशिष्ट रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन गरिएको उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग निकट छ तापनि कविताको उपविधा र कृतिगत आधारमा भिन्नसमेत रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यलाई शैलीवैज्ञानिक विचलन खोज्न सहयोग लिइएको छ ।

पोखेल (२०६४) द्वारा 'राष्ट्रनिर्माता खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधकार्य तयार पारिएको छ । उक्त शोधकार्यमा शैलीविज्ञानको सैद्धान्तिक अवधारणाको चर्चा गर्नु, खण्डकाव्यको कथानक र पात्रहरूलाई शैलीविज्ञानका आधारमा विश्लेषण गर्नु, दृष्टिबिन्दु, उद्देश्य, चयन, विचलन र समानान्तरता जस्ता तत्त्वका आधारमा खण्डकाव्यको विश्लेषण गर्नु उद्देश्य रहेका छन् । पुस्तकालयीय अध्ययनका आधारमा समापन गरिएको उक्त शोधकार्यमा शैलीवैज्ञानिक विश्लेषण प्रक्रिया भाषिक चयन, विचलन

र समानान्तरताका आधारमा उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य शैलीवैज्ञानिक अध्ययन विश्लेषणमा आधारित रहेको हुनाले प्रस्तुत शोधकार्य सडक गजल सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित रहेको छ । विधा र कृतिगत दृष्टिले भने प्रस्तुत शोधकार्य उक्त पूर्वकार्यभन्दा भिन्न रहेको छ । यति हुँदाहुँदै पनि उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्यलाई सैद्धान्तिक आधार, विधि छनोट र सामग्री सङ्कलन तथा विश्लेषणमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ ।

घिमिरे (२०७१) द्वारा 'के नेपाल सानो छ ? निबन्धको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । निबन्धात्मक संरचना पहिल्याउनु, शैलीवैज्ञानिक दृष्टिले निबन्धको भाषिक संरचना पत्ता लगाउनु तथा चयन, विचलन र समानान्तरताका आधारमा निबन्धको भाषिक विश्लेषण गर्नु जस्ता उद्देश्य उक्त अध्ययनमा राखिएका छन् । पुस्तकालयीय अध्ययनका आधारमा सामग्री सङ्कलन र व्याख्या विश्लेषण गरी उक्त शोधकार्य सम्पन्न गरिएको छ । अग्रभूमि निर्माणका दृष्टिले कोशीय, व्याकरणिक, अर्थतात्त्विक एवम् प्रयुक्तिगत विचलनको बढी प्रयोग गरिएकाले शोध्य निबन्धको भाषिक र साहित्यिक संरचना सन्तुलित भएको निष्कर्ष उक्त पूर्वकार्यमा निकालिएको छ । शैली विश्लेषण प्रक्रियामा आधारित उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यभन्दा विधागत दृष्टिले केही भिन्न रहे पनि यस शोधकार्यअन्तर्गत गरिने विचलन र समानान्तरताको विश्लेषणमा भने सहयोगी बनेको छ ।

अधिकारी (२०७२) द्वारा 'सेतो धरती उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । उक्त शोधकार्यमा सेतो धरती उपन्यासको शैलीवैज्ञानिक विश्लेषण गर्नु, चयन, विचलन र समानान्तरताका आधारमा भाषिक विश्लेषण गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । पुस्तकालयीय अध्ययन उपयोग गरी प्राथमिक र द्वितीयक स्रोतलाई सामग्रीको वर्णनात्मक आधार बनाएर विश्लेषण गरिएको छ । उपन्यासमा स्थानीय भाषा प्रयोग, सरल, संयुक्त र मिश्र वाक्य प्रयोग, उखान टुक्का र विविध चिह्न प्रयोग तथा समानान्तरता र विचलनले उपन्यासलाई सशक्त बनाएको, विषयवस्तु नवीन ढङ्गले प्रस्तुत गरिएको तथा नेपाली उपन्यासका क्षेत्रमा नौलो आयाम थपिएको र पाठक तथा समालोचकलाई अर्को ढोका खोलिदिएको निष्कर्ष प्रस्तुत गरिएको छ । शैलीवैज्ञानिक अध्ययन विश्लेषणमा आधारित उक्त शोधकार्यसँग सम्बन्धित भएर पनि प्रस्तुत शोधकार्य कृति र

विधागत दृष्टिले भिन्नसमेत रहेको छ । उक्त शोधकार्यबाट प्रस्तुत शोधकार्यलाई सैद्धान्तिक विश्लेषण प्रक्रियामा महत्त्वपूर्ण सहयोग पुगेको छ ।

आचार्य (२०७२) द्वारा 'मुकुन्द -इन्दिरा नाटकको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । शैलीवैज्ञानिक आधारमा चरित्र चित्रण गर्नु, चयन र अग्रभूमिनिर्माणका आधारमा नाटकको विश्लेषण गर्नु जस्ता उद्देश्यमा आधारित भई शोधकार्य सम्पन्न गरिएको छ । उक्त पूर्वकार्यमा चयन, विचलन र समानान्तरताका आधारमा मुकुन्द -इन्दिरा नाटक उत्कृष्ट रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । शैलीवैज्ञानिक अध्ययन विश्लेषणमा आधारित उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग केही मिल्दोजुल्दो भए पनि विधा र कृतिगत दृष्टिले भने भिन्न रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यअन्तर्गत अग्रभूमि निर्माणको विश्लेषणको ढाँचा तय गर्ने कार्यमा सहयोग लिइएको छ ।

गिरी (२०७३) द्वारा 'राजेश्वरी खण्डकाव्यकोभाषिक विश्लेषण' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा भाषिक चयनको विश्लेषण गर्नु, खण्डकाव्यमा प्रयुक्त भाषिक समानान्तरता र विचलनको विश्लेषण गर्नु जस्ता उद्देश्य रहेका छन् । उक्त पूर्वकार्यमा पुस्तकालयीय अध्ययनमा आधारित रही प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सङ्कलन गरी विश्लेषण गरिएको छ । खण्डकाव्यमा भाषिक प्रयोगको विशिष्ट चयन, विचलन र समानान्तरताले कृतिगत सौन्दर्यलाई जीवन्त बनाएको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य शैलीवैज्ञानिक अध्ययन विश्लेषणमा आधारित रहेको हुनाले प्रस्तुत शोधकार्यसँग सम्बन्धित रहेको छ भने शैली विश्लेषण प्रक्रिया, संरचना, तत्त्व र उद्देश्यका दुष्टिले भने प्रस्तुत शोधकार्य भिन्न रहेको छ । यति हुँदाहुँदै पनि उक्त शोधपत्रको अध्ययनले प्रस्तुत शोधकार्यलाई सैद्धान्तिक आधार, विधिको छनोट र सामग्री सङ्कलन तथा विश्लेषणमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ ।

मिश्र (२०७३) द्वारा 'घुम्ने मेचमाथि अन्धो मान्छे कविता सङ्ग्रहका कविताहरूको अग्रभूमिकरण'शीर्षकमा शोधकार्य गरिएको छ । घुम्ने मेचमाथि अन्धो मान्छे कविता सङ्ग्रहका कविताहरूमा विचलन र समानान्तरताको खोजी गर्ने उद्देश्य लिइएको उक्त पूर्वकार्यमा अर्थतात्त्विक विचलन र व्याकरणिक विचलनको विशेष प्रयोग भएको तथा अन्य विचलनको कम प्रयोग भएको निष्कर्ष निकालिएको छ । कविताकै अग्रभूमिको विश्लेषण

गरिएको उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग मिल्दोजुल्दो भए पनि कृतिगत र उपविधागत दृष्टिले भिन्नसमेत रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यअन्तर्गत गरिएको विचलन र समानान्तरताको विश्लेषण प्रक्रियामा भने सहयोग पुगेको छ ।

काफ्ले (२०७३) द्वारा 'निद्रा आएन कथाको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधकार्य गरिएको छ । कथानकका आधारमा निद्रा आएन कथाको प्रस्तुति विश्लेषण गर्नु, पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्नु र चयन र समानान्तरताका आधारमा कथाको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् । पुस्तकालयीय अध्ययनको उपयोगका साथै विश्लेषणात्मक र वर्णनात्मक पद्धतिको पनि प्रयोग गरी शोधकार्य भएको पाइन्छ । मुख्यतः कथाका पात्र चयन, शब्द चयन, वाक्य चयन, लेख्यचिह्न प्रयोग, विचलन र समानान्तरताको अध्ययन विश्लेषण गरी उक्त कथा उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्य शैलीवैज्ञानिक अध्ययन विश्लेषणमा आधारित रहेको हुँदा प्रस्तुत शोधकार्यसँग सम्बन्धित रहेको छ । विधागत र कृतिगत दृष्टिले प्रस्तुत शोधकार्य उक्त पूर्वकार्यभन्दा भिन्न छ तापनि चयन, विचलन र समानान्तरताको खोजी र विश्लेषण गर्ने कार्यमा त्यसबाट सहयोग लिइएको छ ।

खड्का (२०७३) द्वारा 'साया उपन्यासको शैलीवैज्ञानिकअध्ययन' शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य तयार गरिएको छ । कथानकका आधारमा साया उपन्यासको विश्लेषण गर्नु, पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्नु तथा विचलन, चयन र समानान्तरताका आधारमा साया उपन्यासको भाषिक विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएका छन् । पुस्तकालयीय अध्ययन कार्यबाट प्राथमिक र द्वितीय सामग्रीको सङ्कलन गरी विश्लेषण गरिएको छ । शैलीवैज्ञानिक विश्लेषणले कृतिलाई नयाँपन देखाएको तथा कृतिमा भएको भाषा संरचना, भाषिक चयन, विचलन र समानान्तरताको उपयोगले उपन्यास जीवन्त बनाएको निष्कर्ष निकालिएको छ । शैलीवैज्ञानिक अध्ययन विश्लेषणमा आधारित उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग सम्बन्धित रहेको छ भने विधागत दृष्टिले र कृतिगत दृष्टिले भिन्नसमेत रहेको छ । यति हुँदाहुँदै पनि उक्त शोधकार्यबाट प्रस्तुत शोधकार्यलाई सामग्री सङ्कलन प्रक्रियामा महत्त्वपूर्ण सहयोग पुगेको छ ।

ढकाल (२०७३) द्वारा 'ध्रुव नाटकको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । ध्रुव नाटकको भाषिक चयन, विचलन  र समानान्तरताका आधारमा

विश्लेषण गर्नु, शैलीवैज्ञानिक दृष्टिले नाटकमा प्रयोग गरिएका पात्रहरूको अध्ययन गर्नु तथा नाटकीय तत्त्वका आधारमा ध्रुव नाटकको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् । पुस्तकलयीय अध्ययनमा आधारित भई प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ । मुख्यतः शैलीवैज्ञानिक विश्लेषणबाट कृतिको अध्ययन गर्दा भाषिक प्रयोग चयन, विचलन र समानान्तरताको उपयोगले कृतिलाई सरल बनाएको र शैलीवैज्ञानिक दृष्टिले नाटकीय तत्त्व, वर्गीकरण आदि पक्षलाई पनि सरल र जीवन्त पारेको निष्कर्ष निकालिएको छ । शैलीवैज्ञानिक अध्ययन विश्लेषणमा आधारित उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग सम्बन्धित रहेको छ भने विधागत दृष्टिले र कृतिगत शैली विश्लेषणका दृष्टिले भिन्नसमेत रहेको छ । यति हुँदाहुँदै पनि उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यलाई शैली विश्लेषण तथा सामग्री सङ्कलन विश्लेषणमा महत्त्वपूर्ण सहयोग पुगेको छ ।

पोखेल (२०७४) द्वारा 'गौरी खण्डकाव्यमा अग्रभूमि निर्माण'शीर्षकमा  शोधकार्य भएको छ । उक्त शोधकार्यमा गौरी खण्डकाव्यको शैलीवैज्ञानिक विचलनको र समानान्तरता पत्ता लगाउनु  उद्देश्य राखिएको छ । पुस्तकलयीय अध्ययनका आधारमा प्राथमिक र द्वितीय स्रोतबाट समाग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ । शैलीवैज्ञानिक विचलन र समानान्तरताको अध्ययन विश्लेषणबाट गौरी खण्डकाव्य उच्चकोटिको कृति रहेको निष्कर्ष निकालिएको छ । शैलीवैज्ञानिक अध्ययन विश्लेषणमा आधारित रहेको उक्त शोधकार्य प्रस्तुत शोधकार्यसँग सम्बन्धित रहेको छ भने कविताको उपविधागत तथा कृतिगत दृष्टिले भिन्नसमेत रहेको छ तापनि उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यलाई शैलीवैज्ञानिक विचलन र समानान्तरता पहिल्याउन महत्त्वपूर्ण सहयोग पुगेको छ ।

उल्लिखित दुबै खालका पूर्वकार्यको अध्ययन र पुनरावलोकनबाट सैद्धान्तिक र प्रायोगिक पक्षको सहयोग लिई प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ । ती सबै पूर्वकार्यभन्दा यो शोधकार्य गहन तथा विधागत र कृतिगत दृष्टिले विशिष्ट र मौलिक बन्न गएको छ ।

## २.२ **शैलीविज्ञानको सैद्धान्तिक ढाँचा**

संस्कृत भाषाको शील् (शी+लक्) धातुबाट शैली शब्दको विकास भएको हो । प्राचीनकालमा शील शब्दले अञ्जन विद्याका देवता, एकाग्र हुनु वा अभ्यास हुनु र स्वभावलाई बुझाएको पाइन्छ । अहिले शैली शब्दले विषयवस्तुअनुकूलको भाव व्यक्त हुने


अभिव्यक्तिको ढाँचालाई बुझाउँछ । यस शैली शब्दका लागि अङ्ग्रेजीमा style शब्दको प्रयोग गरिन्छ । यो ल्याटिन भाषाको stilus (मैनमाथि लेख्न बनाइएको हाड वा धातुको कलमको अर्थ बुझाउने) शब्दबाट विकसित भएको हो । अहिले उक्त style शब्दले भावाभिव्यक्तिको पद्धति वा बोलाइ र कुराकानीको ढङ्गढाँचा र तरिकालाई बुझाउँछ । शैलीको अर्थका लागि संस्कृत काव्यशास्त्रमा रीति शब्दको प्रयोग भएको पाइन्छ । प्रस्तुत सन्दर्भमा प्रयोग भएको शैली पाश्चात्य जगत्मा विकसित आधुनिक शैलीविज्ञानसँग सम्बन्धित छ ।

शैलीको वैज्ञानिक अध्ययन गर्ने प्रायोगिक भाषाविज्ञानको एक शाखालाई शैलीविज्ञान भनिन्छ । यसलाई साहित्यिक समालोचनाको नवीन विधाका रूपमा देखापरेको भाषावादी सिद्धान्त र पद्धति मान्ने गरिन्छ । यसले कुनै साहित्यिक पाठको काव्यभाषाका आधारमा त्यसमा प्रयुक्त शैलीको व्यवस्थित वर्णन, विश्लेषण र मूल्याङ्कन गर्दछ । यो भाषाका माध्यमबाट गरिने वस्तुनिष्ठ समालोचना प्रणाली हो । मूल प्रकृति भाषावैज्ञानिक भएर पनि यसले आफ्नो प्रयोजनका लागि साहित्यशास्त्रलाई उपयोग  गर्दछ । शैलीविज्ञानले सामान्य अर्थमा शैलीको अध्ययन गर्ने शास्त्रलाई बुझाए पनि विशिष्ट रूपमा शैलीविज्ञानले भाषाका माध्यमबाट गरिने वस्तुनिष्ठ आलोचना प्रणालीलाई बुझउँछ  (ढुङ्गेल र दाहाल, २०५८ पृ. १२९) । यसले साहित्यिक कृतिलाई एक भाषिक प्रतीक मान्दछ । घनश्याम नेपालका अनुसार शैलीविज्ञानले प्रत्येक सिङ्गो साहित्यिक पाठलाई कला प्रतीकका रूपमा राखेर हेर्दछ ( २००९ पृ. ११२) । साहित्यिक कृतिमा अन्तर्निहित सौन्दर्यको खोजी गर्ने हुनाले यसलाई सौन्दर्याशास्त्रसँग पनि  निकट मानिन्छ । हरेक साहित्यिक कृतिका बाह्य (संरचना/रूप) र आन्तरिक (कथ्य/अर्थ) गरी दुई पक्षहुन्छन् । शैलीविज्ञानले कुनै पाठ वा साहित्यिक कृतिको रूप वा संरचनाको विश्लेषण गर्दै कथ्यमा प्रवेश गरेर त्यस पाठमा  अन्तर्निहित सौन्दर्य पक्षको उद्घाटन गर्नका साथै त्यो प्रतिफलित हुने प्रयोजनलाई सावित गर्ने प्रयास गर्दछ । अतः यो भाषाविज्ञान र साहित्यशास्त्रको मिलनविन्दु हो ।

## २.३ **शैलीविश्लेषण प्रक्रियाका आधारहरू**

आधुनिक समयमा कृतिको व्यवस्थित, क्रमिक र वस्तुनिष्ठ विश्लेषण र व्याख्या विवेचनामा जोड दिँदै शैली वैज्ञानिकहरूले कृतिको विश्लेषणका लागि नवीन शैली वा

प्रक्रिया अपनाएका छन् । शैलीविज्ञानका निम्ति कृतिको विश्लेषण मोहनराज शर्माले (२०४८ पृ. ६) प्रस्तुत प्रक्रियाबाट देखाएका छन् :




### २.३.१ **साहित्यिक संरचना**

अस्तित्त्वमा रहेका सबै वस्तुहरूको आफ्नै संरचना भए जस्तै जुनसुकै साहित्यिक कृतिको आ-आफ्नो संरचना हुन्छ । कृतिको सिङ्गो संरचनाभित्र रहेका विभिन्न घटक-उपघटकहरूको आ-आफ्नै किसिमको क्रमश्रेणी तथा तह हुन्छ । साहित्यिक संरचनाका लागि बनोट र बुनोट गरी दुई घटकहुन्छन् ।

#### २.३.१.१ **बनोट**

साहित्यिक कृतिहरूमा पाइने स-साना घटकहरूको समग्र स्वरूप नै बनोट हो । कृतिभित्र समावेश भएका अङ्क, भाग, दृश्य, संवाद, परिच्छेद, प्रसङ्ग, घटना आदि घटकहरूको सिङ्गो रूपले बनोट निर्माण हुन्छ । शैलीविज्ञानले यस्ता खालका घटकहरूको वर्णन विश्लेषण गर्दै कृतिको अमूर्त बनोटलाई मूर्त रूपमा प्रस्तुत गर्दछ ।

### २.३.१.२ **बुनोट**

साहित्यिक कृतिको आन्तरिक संरचनालाई बुनोट भनिन्छ । बुनोट बनोटका पर्याधारमा पाइने लघु घटकहरूको आफ्नो कार्य र एउटा घटकको अर्को घटकसँगको सम्बन्ध पनि हो । यो मूर्त किसिमको हुन्छ । कृतिभित्र रहेका वस्तु, अलङ्कार, छन्द, बिम्ब, लय, प्रतीक, धारणा, चरित्र, परिवेश, उक्ति, सौन्दर्य आदि आपसी सम्बन्ध सूत्रको वर्णन र विश्लेषण गरेर शैलीविज्ञानले बुनोट प्रक्रियाको विवेचना गर्दछ ।

### २.३.२ **भाषा संरचना**

कुनै पनि साहित्यिक कृतिको आधार सामग्री भाषा हो । साहित्यको कृतिगत आधार अर्थात माध्यम नै भाषा हो (लम्साल, गौतम र अधिकारी : २०६२ : १०१) । भाषाको आफ्नै निश्चित संरचना हुन्छ । सबै प्रकारका भाषाका विभिन्न एकाइगत क्रमश्रेणीहरू हुने गर्दछन् । भाषाको व्याकरणिक व्यावस्थासम्म पुग्नको लागि ध्वनि, वर्ण, अक्षर, रूप, शब्द र पदावली भएर अगाडि बढ्नुपर्ने हुन्छ । भाषाका तल्ला संरचक घटकहरूको सोपानक्रम यसप्रकार रहेको हुन्छ :

### २.३.२.१ **ध्वनि व्यवस्था**

भाषाको सबैभन्दा सानो एकाइ ध्वनि हो । ध्वनिभित्र खण्डीय र खण्डेतर व्यवस्था रहेका हुन्छन् । खण्डीयअन्तर्गत स्वर र व्यञ्जन ध्वनि पर्दछन् भने खण्डेतरअन्तर्गत खण्डीय ध्वनिसँग जोडिएर मात्र अर्थ दिन सक्ने अनुनासिकता, लय, मात्रा, तान, श्वसन, बलाघात आदि पर्दछन् । ध्वनि व्यवस्थाअन्तर्गत साहित्यिक रचनामा के कस्ता ध्वनिहरूको समावेश कसरी भएको छ भन्ने अध्ययन गरिन्छ ।

### २.३.२.२ **शब्द व्यवस्था**

व्याकरण व्यवस्थाभन्दा तल्लो तहलाई शब्द व्यवस्था भनिन्छ । यो शब्दभण्डार व्यवस्था रूपहरूले निर्मित भाषिक व्यवस्था हो । यसभित्र रूप र अर्थ पर्दछन् । शब्द भाषाको कोशीय एकाइ पनि हो । शब्द व्यवस्थाअन्तर्गत रूपविज्ञान र अर्थविज्ञानका सहायताले कृतिको शब्दभण्डार अध्ययन शैलीविज्ञानमा गरिन्छ ।

#### २.३.२.३ **व्याकरण व्यवस्था**

भाषालाई नियमबद्ध बनाउने कार्य व्याकरणले गर्दछ । रूपविज्ञान र वाक्यविज्ञान प्रक्रिया र प्रकार्यहरूको व्याख्या गर्ने भाषाको माथिल्लो तह व्याकरण व्यवस्था हो (लम्साल, गौतम र अधिकारी : २०६२ : १०१) । अर्को शब्दमा भाषाको शुद्ध प्रयोगसम्बन्धी नियमहरूको व्यवस्था व्याकरण व्यवस्था हो । यसअन्तर्गत रूपप्रक्रिया र वाक्यविज्ञान पर्दछन् । शैली विश्लेषण गर्दा भाषाको स्वरूपका साथै वाक्यगत संरचनाको पनि विश्लेषण गरिन्छ ।

## २.४ **शैली**

भाषिक संरचना र साहित्य संरचना बीचको एक प्रकारको स्थापित हुने सम्बन्धलाई शैली भनिन्छ । अर्थात भाषागत स्वभाव र कृति निर्माणको आधार सामग्रीको एकल सम्बन्ध नै शैली हो (लम्साल, गौतम र अधिकारी : २०६२ : १०२) । कृतिको बाह्य र आन्तरिक पाटाहरूको न्यायोचित अध्ययन विश्लेषण गर्ने काम नै शैलीवैज्ञानिक अध्ययन हो । शैलीवैज्ञानिक विश्लेषणमा कुनै कृतिको विश्लेषण गर्दा यसप्रकारका पक्षहरूलाई आधार बनाइन्छ :

### २.४.१ **चयन**

चयन भनेको छनोट हो । यसमा भाषिक एकाइहरूको छनोट गरिन्छ । रचनाकारले उपलब्ध विविध खालका वैकल्पिक शब्द, वाक्य, चिह्न आदि एकाइलाई उपयुक्त तथा प्रभावकारी तरिकाले प्रयोगमा ल्याउनु चयन हो । जस्तो कि मृत्यु शब्दका लागि विकल्पहरू स्वर्ग जानु, स्वर्गवास हुनु, सिल्टिमुर खानु आदि विकल्पहरूबाट उपयुक्त छनोट गर्नु हो । यसअन्तर्गत शब्दचयन र वाक्यचयनका कुराहरू पर्दछन् ।

### २.४.२ **अग्रभूमि निर्माण**

रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमि निर्माण हो । शैलीविज्ञान अनुसार साहित्यिक कृतिमा परम्परागत रूढ तथा यान्त्रिक स्वभावको नभएर नवीन, सार्थक तथा सौन्दर्यपूर्ण भाषिक प्रयोग हुनु नै अग्रभूमि निर्माण हो (शर्मा र लुइटेल, २०६७ : २५१) । अग्रभूमि निर्माणको अवधारणा पाश्चात्य सम्प्रदायका

विद्वान् जे.मुकारोब्स्कीले गरेका हुन् । उनले अभिव्यक्तिमा ध्यानाकर्षण गर्ने तरिकाका रूपमा यसको प्रयोग गरेका थिए । धेरै पुनरावृत्तिले यान्त्रिक वा रूढ हुन पुगेका प्रयोगलाई हटाएर प्रयोगमा नवीनता दिनु नै अग्रभूमि निर्माण हो । यसकारण अग्रभूमि निर्माणको अध्ययनबिना साहित्यिक कृतिको वस्तुपरक विश्लेषण हुन नसक्ने मान्यता शैलीविज्ञानले राख्दछ । अग्रभूमि निर्माण विचलन र समानान्तरता गरी दुई प्रकारबाट गरिन्छ ।

### २.४.२.१ **विचलन**

मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ । अर्थात चलनचल्तीबाट, मानकबाट, नमुनाबाट हट्नु नै विचलन हो (लम्साल, गौतम र अधिकारी : २०६२ : १०५) । अभिव्यक्ति माध्यमका कुनै पक्षलाई नवीन वक्रताद्वारा तिखो वा चोटिलो बनाउने काम विचलनले गर्दछ । विचलन भाषाको प्रत्येक एकाइमा पाइन्छ । विचलन सार्थक र अर्थयुक्त हुनुपर्दछ । भाषिक अभिव्यक्तिका क्रममा विचलन यसप्रकार रहेका छन् ।

#### (क) कोशीय विचलन

शब्दकोशले समावेश नगरेका मौलिक वा नवीन शब्दको प्रयोग हुनु वा प्रचलित अर्थ छोडी नवीन अर्थ प्रदान गर्नुलाई कोशीय विचलन भनिन्छ । जस्तै : गोब्रिलो, मान्द्रिलो, रहरिलो आदि । भाषिक अभिव्यक्तिलाई जीवन्त र प्रभावकारी तुल्याउने यी शब्दहरूको प्रयोगको अध्ययन र विश्लेषण शैलीविज्ञानले गर्दछ ।

#### (ख) व्याकरणिक विचलन

भाषाका प्रचलित वा मानकव्याकरणिक मान्यताका विपरीत रहेर कुनै अंशको प्रयोग गर्नु  व्याकरणिक विचलन हो । विशिष्ट भाषिक अभिव्यक्तिका क्रममा लिङ्ग, वचन, काल, पक्ष, भाव, पुरुष र व्याकरणात्मक कोटि आदि एकाइहरूको नवीनतम् प्रयोग खोजिन्छ ।

उदाहरण

बहिनी जान्छ जस्तो लागेन । (लिङ्ग विचलन)

उदाहरणमा स्त्रीलिङ्गी क्रिया 'जान्छिन' हुनुपर्नेमा जान्छ भई व्याकरणिक विचलन भएको छ ।

**(ग) ध्वनिप्रक्रियात्मक विचलन**

खास एकाइको उच्चारणमा पहिचान गर्न सकिने अन्तर नै ध्वनिप्रक्रियात्मक विचलन हो ।

उदाहरण

| | |
|---|---|
| भनेको | भन्या |
| एउटा | यौटा |
| भइरहेछ | भाछ |

उदाहणमा 'भनेको' शब्दमा 'भन्या', 'एउटा' लाई 'यौटा', 'भइरहेको' लाई 'भाछ' जस्ता ध्वन्यात्मक विचलन भएको छ । यस्तो विचलनले भाषिक सरलतामा जोड दिन्छ ।

**(घ) लेख्यप्रक्रियात्मक विचलन**

शब्द लेखाइका क्रममा देखिने विचलन लेख्य प्रक्रियात्मक विचलन हो । अर्थात मानक लेखन प्रक्रियालाई बिगारी छुट्टै लेखन प्रक्रिया अपनाएर लेख्नु नै लेख्यप्रक्रियात्मक विचलन हो ।

उदाहरण

| | |
|---|---|
| माथि | मा थि |
| तल | त ल |

उदाहरणमा नवीन किसिमको लेखाइ रहेको छ । माथि लेख्दा मा तल र थि माथि लेखेर र तल लेख्दा त माथि र ल मुनि लखेर नयाँपन ल्याइएको छ । लेखाइ प्रक्रियामा पनि नयाँपन दिएर लेखाइमा सरलता ल्याउने कार्य यस विचलनले गर्दछ ।

**(ङ) अर्थतात्त्विक विचलन**

सामान्य अर्थ नलगाई छुट्टै वा विशेष अर्थका लागि कुनै भाषिक एकाइको प्रयोग गर्नु नै अर्थतात्त्विक विचलन हो ।

उदाहरण

हिमाल मुसुक्क हाँसेको छ । आदि ।

उदाहरणमा हिमाल हाँस्ने कुरा भएको छ । सामान्यतया हिमाल हाँस्ने हुँदैन । यहाँ अर्थलाई विशिष्ट बनाउन हिमाल हाँसेको भनी अर्थ विचलन गराइएकाले यहाँ अर्थतात्त्विक विचलन भएको छ ।

**(च) सादृश्य विचलन**

समानधर्मी नभएका कुरालाई पनि समानधर्मी बनाएर देखाउनु नै सादृश्य विचलन हो ।

उदाहरण

लाटीले घुमाएको जाँतोमा पालो छाडेर वर्तमान दौडेको छ ।

प्रस्तुत उदाहरणमा वर्तमान र जाँतोलाई प्रसङ्गअनुकूल एउटै सादृश्यमा व्याख्या गरिएको छ त्यसैले यहाँ सादृश्य विचलन भएको छ ।

**(छ) प्रयुक्ति विचलन**

एउटा परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नुपर्ने भाषालाई अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नु नै प्रयुक्ति विचलन हो ।

उदाहरण

लामखुट्टेले टोकेका बेला त्यसलाई गोली हान्न मन लाग्छ ।

उदाहरणमा हातहतियार, युद्ध क्षेत्रमा प्रयोग हुने गोली शब्द लामखुट्टेलाई प्रयोग भएकोले यहाँ प्रयुक्ति विचलन भएको छ । प्रयुक्ति विचलनले प्रसङ्ग मिलाई अभिव्यक्तिमा विशिष्टता ल्याउँदछ ।

**(ज) भाषिका विचलन**

भिन्ना भिन्नै भाषिकाको प्रयोग गर्नु भाषिक विचलन हो ।

उदाहरण

ए, बुइनी कहाँ हिँडेकी ?

बेलौती मिठो छ है ।

प्रस्तुत उदाहरणमा बहिनीलाई बुइनी र अम्बालाई बेलौती शब्द प्रयोग भएका छन् । त्यसैले यहाँ भाषिका विचलन भएको छ ।

**(झ) अन्तर्भाषिक विचलन**

कुनै भाषाको रचनामा अर्को भाषाका शब्दहरू प्रयोग हुँदा हुने विचलन अन्तर्भाषिक विचलन हो ।

उदाहरण

| | |
|---|---|
| साथी | दोस्त |
| रोटी | ब्रेड |

उदाहरणमा फरक-फरक भाषाका शब्दहरू भाषिक अभिव्यक्तिका क्रममा प्रयोग भएका छन् । यस किसिमको विचलन अन्तर्भाषिक विचलन हो ।

२.४.२.२ **समानान्तरता**

शैली विश्लेषण प्रक्रियामा समानान्तरता विचलनका विपरीत देखिन्छ । भाषा प्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ (लम्साल, गौतम र अधिकारी : २०६२ : १०४) । अर्थात भाषाका तत्त्वहरूको आवृत्तिपूर्ण प्रयोग नै समानान्तरता मानिन्छ । समानान्तरता वर्णगत, रूपगत, शब्दगत, पदावलीगत, उपवाक्य, वाक्यगत, लय, छन्दगत र अर्थगत स्तरमादेखापर्दछ । समानान्तरताका दुई प्रकार छन ।

**(क) बाह्य समानान्तरता**

कुनै भाषिक स्वरूप वा बाह्य आकृतिको बारम्बारको प्रयोग नै समानान्तरता हो । एक वा एकभन्दा बढी स्वनिम शब्द, पद र वाक्य आदिको पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ (लम्साल, गौतम र अधिकारी : २०६२ : १०५) । भाषिक प्रयोगका सन्दर्भमा विभिन्न भाषिक संरचनागत तहहरूको पुनः आगमन वा उपस्थिति नै बाह्य समानान्तरता हो ।

उदाहरण

बर्खाको बाढीले बाटो बढी हिलो बनायो ।

उदाहरणमा 'ब' वर्ण दोहोरिएर प्रयोग भएको छ जसले भाषिक संरचना सुन्दर र अभिव्यक्तिमा सहजता ल्याएको छ ।

**(ख) आन्तरिक समानान्तरता**

कुनै कृति वा पाठमा त्यसका खासखास अंशहरूका माध्यमबाट समान अर्थ वा भावको पुनरावृति भएमा आन्तरिक समानान्तरता हुन्छ । भाव वा अर्थको पुनरावृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ (शर्मा : २०५५ : ५५३) । समान अर्थ दोहोरिने किसिमको समानान्तरता आन्तरिक समानान्तरता हो; यो अमूर्त किसिमको हुन्छ ।

उदाहरण

नुहाएर गधा चोखो र गहनाले मान्छे राम्रो कहिल्यै हुँदैन ।

प्रस्तुत उदाहरणमा गधा र मान्छेलाई भाषिक अभिव्यक्तिको अर्थगत तहमा समान रूपमा दोहोर्‍याएर तुलना गरिएकाले आन्तरिक समानान्तरता भएको छ ।

## २.५ गजलीय सैद्धान्तिक ढाँचा

गजल प्राचीन समयदेखि हाल सम्म उत्तिकै लोकप्रिय रहिआएको साहित्यको विधा हो । गजल सङ्गीतबद्ध गराएर गायनमार्फत पनि उत्कृष्ट भइरहेको पाइन्छ त्यसैले श्रव्य र पाठ्यरूपमा नेपाली साहित्यमा गजल लेखन झाँगिँदो छ । आफैँमा पूर्ण सेरहरू काफिया, रदिफ, तखल्लुस अदिको प्रयोगका कारण गजलले साहित्यका अन्य विधा भन्दा छुट्टै प्रकारको पहिचान प्राप्त गर्दछ ( बराल २०६८ : १ ) । गजल साहित्यका विभिन्न विधाहरू जस्तै छुट्टै अस्तित्त्व बोकेको विधा हो । गजलका संरचना र तत्त्वका बारेमा यसप्रकार विश्लेषण गरिएको छ :

### २.५.१ **गजलको संरचना**

गजलको संरचनामा सेर, काफिया, रदिफ, र तखल्लुस प्रयोग भएका हुन्छन् जसका बारेमा सङ्क्षेपमा निम्नानुसार चर्चा गरिन्छ :

#### २.५.१.१ **सेर**

गजल निर्माणमा सेर आधारभूत एकाइ हो । एउटै लय वा छन्दमा बाँधिएका दुई पङ्क्तिको योगबाट सेरको निर्माण हुन्छ (बराल २०६८ : १०) । सेर शब्द अरबी भाषाको शब्द हो जसको अर्थ कपाल वा स्वास्नी मानिस हुन्छ । गजलका सेरहरूलाई तिन भागमा विभाजन गरिएको पाइन्छ मतला, मकता र मध्य भाग (बराल २०६८ : २१) । नेपाली गजलमा विभिन्न गजलकारका गजलहरूमा तीन देखि पाँच/छ सेरसम्म प्रयोग भएको पाइन्छ । यसरी एउटा पूर्ण गजल बन्नका लागि चार देखि छ सेरसम्म प्रयोग गरिनु उपयुक्त मानिन्छ ।

उदाहरण

लुकाएर राख्छ जम्मै आँसुहरू चेहराभित्र
मुस्कान कैद गर्नु पैले जमाना क्यामेराभित्र

उदाहरणमा प्रयोग भएका दुई हरफ गजलको मतला भागमा पर्ने सेर हो । यस्तै गजलमा अन्य दुई/दुई हरफ मिली सेर निर्माण हुन्छ । गजलको अन्तिममा तखल्लुस प्रयोग भएको सेरलाई मकता भनिन्छ ।

### २.५.१.२ **काफिया**

काफिया गजलमा प्रयोग हुने अनुप्रास वा तुक हो यो गजलमा रदिफभन्दा अगाडि आउँछ । गजलहरूमा पूर्ण अनुप्रास भएका काफिया र आंशिक अनुप्रास भएका काफिया प्रयोग हुन्छन् । काफिया गजलको मतला भागमा दुवै मिसरामा अनिवार्य रूपले रहन्छ भने अन्य सेरका दोस्रादोस्रा मिसरामा एकल अनुप्रासका रूपमा रहन्छ । काफियाले गजलमा एउटा निश्चित संरचना प्रदान गरेको हुन्छ ।

उदाहरण

लुकाएर राख्छ जम्मै आँसुहरू चेहराभित्र
मुस्कान कैद गर्नु पैले जमाना क्यामेराभित्र

उदाहरणमा रेखाङ्कित शब्दहरू काफियाका रूपमा प्रयोग भएका छन् ।

### २.५.१.३ **रदिफ**

रदिफ गजलमा अनिवार्य तत्त्व मानिदैन र पनि गजलको माधुर्यता, भाव संयोजन र सङ्गीतात्मकताका लागि रदिफ प्रयोग गरिन्छ । रदिफ गजलमा काफिया भन्दा पछि बस्ने र उहीँ शब्द पुरै गजलभरि दोहोरिएर आउँछ ।

उदाहरण

लुकाएर राख्छ जम्मै आँसुहरू चेहराभित्र
मुस्कान कैद गर्नु पैले जमाना क्यामेराभित्र

उदाहरणमा रेखाङ्कित शब्दहरू रदिफका रूपमा प्रयोग भएका छन् ।

### २.५.१.४ **तखल्लुस**

गजलको अन्तिम सेरमा गजलकारको नाम/उपनाम राखिन्छ भने त्यो तखल्लुस हो । तखल्लुस प्रयोग भएका गजलका अन्तिम सेरलाई मकता भनिन्छ । कविले/गजलकारले आफ्नो परिचय दिन वा आफ्नो कौशल देखाउन यस्तो प्रयोग गरेको हुन्छ ।

उदाहरण

कमल उस्तै छ हिलो गुलाबी भएको छ

उदाहरणमा रेखाङ्कित शब्द तखल्लुस हो ।

उदाहरणमा रेखाङ्कित शब्द गजलकारको नाम हो । त्यसैले यस मकतामा तखल्लुस प्रयोग भएको छ ।

### २.५.२ **गजलको तत्त्व**

गजलमा तत्त्वका रूपमा भाव तथा विषयवस्तु, कल्पना, सङ्गीत, बिम्ब, तथा प्रतीक र भाषाशैली रहन्छन् । संरचनाद्वारा कुनै रचनाले गजलको बाह्य रूप धारण गरे पनि काव्यका लागि आवश्यक मानिने तत्त्वहरूका अभावमा कुनै पनि रचना गजल बन्न सक्दैन । गजलका तत्त्वहरूका बारेमा यसप्रकार चर्चा गरिएको छ :

#### २.५.२.१ **विषयवस्तु/भाव**

नेपाली गजल लेखनको प्रारम्भिक अवस्थामा शृङ्गारिक विषयवस्तु मूल रूपमा प्रयोग भएको पाइन्छ । मोतीराम भट्ट, उपन्द्रबहादुर जिगर जस्ता गजलकारले शृङ्गारलाई नै मूल विषयवस्तु बनाएको पाइन्छ । वर्तमान नेपाली गजल साहित्यको क्षेत्रमा भने शृङ्गारका साथै देशभक्ति, हास्य व्यङ्ग्य, सामाजिक र राजनैतिक विसङ्गति जस्ता विषयवस्तु प्रयोग भएका पाइन्छन् । गजलका स्वतन्त्र सेरहरूमा एउटै गजलमा पनि फरक फरक विषयवस्तु प्रयोग भएका हुन सक्छन् ।

#### २.५.२.२ **कल्पना**

कल्पनाले गजलको भावलाई खुलस्तसँग बाहिर प्रकट गर्न सहयोग गर्ने कार्य गर्दछ । यथार्थ जगत्का निरस वस्तु तथा घटनालाई पुनः सिर्जन गरी कौतुहलपूर्ण बनाउने कार्य कल्पनाले गर्दछ (बराल २०६८ : ७२) । बिम्ब प्रतिक तथा अलङ्कार निर्माणमा सहयोग गर्ने हुनाले कल्पना गजलको महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

#### २.५.२.३ **सङ्गीत**

सङ्गीत गीतका लागि जस्तै गजलका लागि पनि अत्यावश्यक र अनिवार्य तत्त्व हो । गीत गाउँदाको लय तथा बाजा बजाउँदाको तालसुरलाई सङ्गीतले जनाउँछ । गजल मूलतः काव्य रूप हो (बराल २०६८ : ७४) । काव्यरूप भए पनि यसको सम्बन्ध मौखिक तथा वाद्यसङ्गीतसँग पनि हुन्छ । गजलको सङ्गीतमा शब्दसङ्गीत र यसअन्तर्गत आउने लय, छन्द/बहर, अनुप्रास, शब्द तथा पदावली पुनरावृत्ति आवश्यक हुन्छ ।

#### २.५.२.४ **गजल वाचन**

गजल मुसायरामा यति वा विश्राम मिलाएर गायनकै शैलीमा कवि स्वयम्ले अर्द्धगायनको शैलीमा पढ्ने कला गजल वाचन हो । गजल वाचनको सन्दर्भमा यति वा विश्रामको व्यवस्था बहरमा हुने गर्दछ ।

#### २.५.२.५ **बिम्ब तथा प्रतीक**

गजल काव्यरूप भएकाले यसमा भाषिक कलाको महत्त्वपूर्ण भूमिका रहन्छ । बिम्ब तथा प्रतीकको प्रयोगबिना गजलले विशिष्टता प्राप्त गर्न सक्दैन । गजलले इसारा सङ्केतद्वारा भाव अभिव्यक्त गर्छ (बराल २०६८ : ११३) । गजलमा बिम्ब अभिधात्मक हुन्छ भने प्रतीक व्यञ्जनात्मक हुने गर्दछ ।

#### २.५.२.६ **भाषा**

गजल भाषाका माध्यमबाट अभिव्यक्त हुने कला हो । गजलमा प्रयोग हुने भाव, कल्पना, बिम्ब तथा प्रतीकहरू भाषाद्वारा व्यक्त हुन्छन् । यसर्थ गजलको अनिवार्य तत्त्व भाषा मानिन्छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ पृष्ठभूमि

प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययनमा आधारित भई सम्पन्न गरिएको छ । सडक गजल सङ्ग्रहका गजलहरूको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्दा केही विधि र प्रक्रिया अपनाइको छ । यसअन्तर्गत सामग्री सङ्कलन र अध्ययन विधि छुट्टाछुट्टै उल्लेख गरिएको छ ।

## ३.२ सामग्री सङ्कलन

प्रस्तुत शोधकार्यमा पुस्तकालयीय अध्ययनलाई आधार बनाइ सामग्री सङ्कलन गरिएको छ यस क्रममा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू उपयोग गरिएका छन् :

### ३.२.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत सामग्रीका रूपमा गजलकार कमल संघर्षद्वारा रचित तथा रचनावाचन (२०७३) ले प्रकाशित गरेको सडक गजल सङ्ग्रहमा सङ्गृहीत गजलहरूलाई प्राथमिक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । यसका साथै गजलसङ्ग्रहसम्बन्धी बीसजना पाठकको अभिमतलाई पनि प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

### ३.२.२ द्वितीयक स्रोत

सडक गजल सङ्ग्रहका गजलहरूको शैलीवैज्ञानिक अध्ययनमा केन्द्रित रहने प्रस्तुत शोधकार्यमा द्वितीयक सामग्रीको पनि उपयोग गरिएको छ । शैलीविज्ञानका बारेमा लेखिएका पुस्तकहरू, शैलीवैज्ञानिक विश्लेषणमा आधारित शोधपत्रहरू, पत्रपत्रिका, गजलसम्बन्धी विविध कार्यक्रमहरू, शोधनिर्देशक गुरुका निर्देशनहरू तथा विज्ञ र सरोकारवालाहरूका राय सुझावहरूलाई द्वितीयक स्रोत सामग्रीका रूपमा सङ्कलन गरिएको छ ।

## ३.३ **तथ्याङ्कको व्याख्या विश्लेषण**

प्रस्तुत शोधकार्य प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीको अध्ययन विश्लेषण गरेर तथ्यहरू सङ्कलन गरिएको छ । तथ्यहरूको अध्ययन विश्लेषणका क्रममा विभिन्न विधिहरू उपयोग गरिएका छन् । मूलतः शैलीविज्ञानको सैद्धान्तिक स्वरूपको प्रस्तुतिका क्रममा वर्णनात्मक र निगमनात्मक उपयोग गरिएको छ भने गजलका अंशहरूलाई उदाहरणका रूपमा प्रस्तुत गर्दा तथा भाषिक चयन र अग्रभूमिकरणको पुष्टि गर्दा आगमनात्मक विधिको प्रयोग गरिएको छ । व्याख्या विश्लेषणका क्रममा गजल र तिनका भाषिक चयन र अग्रभूमिकरण के कस्तो रहेको छ भनेर उदाहरण दिई पुष्टि गरिएको छ । गजल सिद्धान्तअनुरूप गजलीय संरचना, स्वरूप र तत्त्वको पनि सोहीअनुरूप उदाहरण दिई पुष्टि गरिएको छ । यसका अतिरिक्त बीसजना पाठकको अभिमत सङ्कलन र विश्लेषण गरी अध्ययनको निष्कर्ष निकालिएको छ ।

## अध्याय चार

# गजलीय संरचना र तत्त्वका आधारमा सडक गजल सङ्ग्रहका गजलहरूको विश्लेषण

## ४.१ गजल संरचनाका आधारमा सडक गजल सङ्ग्रहका गजलहरूको विश्लेषण

सडक गजल सङ्ग्रहमा जम्मा ७६ वटा गजलहरू रहेका छन् । यी गजलहरूको संरचनागत दृष्टिले सेर, काफिया, रदिफ र तखल्लुसका आधारमा छुट्टाछुट्टै शीर्षकअन्तर्गत विश्लेषण गरिएको छ ।

### ४.१.१ सेर

सडक गजल सङ्ग्रहका गजलहरू सेरहरूको अध्ययन गर्दा प्रायः गजलहरूमा पाँच सेर प्रयोग भएको पाइन्छ भने छ सेर र चार सेरको प्रयोग कम गजलहरूमा पाइन्छ । यसरी ७६ गजलहरूमध्ये ५७ गजलहरूमा पाँच/पाँच सेरको प्रयोग सात वटा गजलहरूमा छ/छ सेरको प्रयोग र त्यस्तै १२ गजलहरूमा चार/चार सेरको प्रयोग गरिएको पाइन्छ । सेरको सङ्ख्या हेर्दा यस गजल सङ्ग्रहमा चार, पाँच र छ सेर भएका मात्र गजलहरू प्रयोग भएका छन् । प्रत्येक गजलको सुरुको सेरको शब्दबाट गजलको नामकरण विषयसूचीमा गरिएको छ । नेपाली गजल साहित्यमा चार देखि छ सम्म सेर प्रयोग भएका गजल धेरै पाइन्छन् । सडक गजल सङ्ग्रहमा पनि चार देखि छ सेरका गजल रहेका छन् । प्रत्येक गजलमा मतलाको उत्कृष्ट संयोजन दुई/दुई मतला तथा केही गजलहरूमा मकता/तखल्लुस पनि प्रयोग गरिएको छ । यसरी सडक गजल सङ्ग्रहका गजलहरूमा सेरको विस्तार मतला, मकता र मिसरा आदिको उत्कृष्ट संयोजन रहेको पाइन्छ ।

उदाहरण

छुट्याउन आफ्नो नाता प्रयोगशालामा
राख्यो उसले पितामाता प्रयोगशालामा

पानीको रङ्ग हुन्न तिमी खै कसरी भन्छौ
देखिन्छन् यी नदी राता प्रयोगशालामा

आज तिमीसँग आमा भोलि सिमानामा
हुन सक्छु अर्को साता प्रयोगशालामा

बेवारिसे एउटा लासको परीक्षण गर्दा
भेटिएछ सगरमाथा प्रयोगशालामा

(६/छुट्याउन आफ्नो नाता, पृ.२६)

प्रस्तुत गजलमा चारवटा सेरको प्रयोग भएको छ । यस्तै अन्य गजलमा पनि चार, पाँच र छ सेरको प्रयोग भएको पाइन्छ । यसरी प्रयोग भएका सेरले गजलको भाव सम्प्रेषण, गजल वाचन तथा भाषिक विशिष्टता कायम गरेका छन् ।

### ४.१.२ **काफिया**

सडक गजल सङ्ग्रहका गजलहरूमा पूर्ण अनुप्रास भएका काफिया र आंशिक अनुप्रास भएका काफिया प्रयोग भएका छन् । पूर्ण र आंशिक अनुप्रास मिश्रित गजलका केही सेरका उदाहरण यसप्रकार छन् :

उदाहरण

क्यै नचलाई हेरिएछ चलाइ हेर्नु थियो
पत्थरको मन फूलले गलाइ हेर्नु थियो

(२२/क्यै नचलाइ, पृ.४२)

उदाहरण

लुकाएर राख्छ जम्मै आँसुहरू चेहराभित्र
मुस्कान कैद गर्नु पैले जमाना क्यामेराभित्र

(५८/लुकाएर राख्छ, पृ.५८)

उदाहणका रूपमा देखाइएका रेखाङ्कित चलाइ, गलाइ शब्द पूर्ण र चेहरा, क्यामेरा शब्द आंशिक काफियाका रूपमा प्रयोग भएका छन् । काफियाले स्वाभाविक रूपमा गजल वाचनमा मधुरपन, पठनमा सहजपन र भाषिक विशिष्टता प्रदान गराएको छ ।

### ४.१.३ **रदिफ**

सडक गजल सङ्ग्रहका सबै गजलहरूमा रदिफको प्रयोग भएको छ । यी गजलहरूमा शब्दका रूपमा र वाक्यांशका रूपमा रदिफको प्रयोग भएको छ । गजलका केही सेरका उदाहरणहरू यसप्रकार छन् :

उदाहरण

यत्रा उकाला बोकेर ओराला <u>बोकेर</u>
जिन्दगी मैदानमा कसले लैजाला <u>बोकेर</u>

(१४/यत्रा उकाला बोकेर पृ.३४)

उक्त गजलका सबै सेरहरूमा 'बोकेर' शब्द रदिफ पदका रूपमा प्रयोग भएको छ ।

उदाहरण

तरबार सुन्दर बन्यो कलम <u>कुरूप देखियो</u>
जब शब्दको पुरानो एल्बम <u>कुरूप देखियो</u>

(२१/तरबार सुन्दर, पृ.४१)

यस उदाहरणमा रेखाङ्कित 'कुरूप देखियो' रदिफ वाक्यांशका रूपमा प्रयोग भएको छ ।

सडक गजल सङ्ग्रहका धेरै गजलहरूमा रदिफका रूपमा क्रियापद पनि प्रयोग भएका छन् । यसरी दोहोरिएर रदिफका रूपमा आउने शब्दले गजलमा सङ्गीतात्मकता, श्रुतिमाधुर्य र गजल गायनमा विशिष्टता सृजना गरेको देखिन्छ ।

### ४.१.४ **तखल्लुस**

सडक गजल सङ्ग्रहमा गजलकार कमल सङ्घर्षले तखल्लुसको प्रयोग गरेका छन् । गजलकारले गजल सङ्ग्रहको नाम (सडक) लाई धेरै गजलमा तखल्लुसका रूपमा प्रयोग

गरेका छन् । त्यस्तै आफ्नो नाम (कमल) पनि तखल्लुसका रूपमा प्रयोग गरेका छन् । यसका केही उदाहरण यसप्रकार रहेका छन् :

उदाहरण

सडक पछाडि हिड्छ गाडी अगाडि हिड्दा
सत्यता पनि आफैँमा भ्रम हुँदै जान्छ

(३/छोरो हरेक दिन, पृ.२३)

यस मकतामा गजलकारले गजल सङ्ग्रहको नाम सडकलाई तखल्लुसका रूपमा प्रयोग गरेका छन् । यसरी गजल सङ्ग्रहको नामलाई तखल्लुसका रूपमा प्रयोग गरेर गजल लेखनमा नयाँपन ल्याएका छन् ।

उदाहरण

आधुनिकताको उत्पादन आधुनिक हुदैँन
कमल उस्तै छ हिलो गुलाबी भएको छ

(२५/भाग्य हुनुपर्ने, पृ.४५)

प्रस्तुत उदाहरणको सेरमा गजलकारले आफ्नो नाम कमललाई तखल्लुसका रूपमा प्रयोग गरेका छन् ।

यसरी सडक गजल सङ्ग्रहका ७६ गजलमध्ये १८ गजलहरूमा गजल सङ्ग्रहको नामसँग सम्बन्धित तखल्लुस प्रयोग गरिएको छ भने छ वटा गजलमा गजलकारको नाम तखल्लुसका रूपमा प्रयोग गरिएको छ । यसरी हेर्दा सडक गजल सङ्ग्रहमा नयाँ प्रयोग पाइन्छ । यसमा सङ्ग्रहको नामको पनि तखल्लुस प्रयोग गरिएको पाइन्छ । गजलकारको परिचय मात्र हैन, यस्तो प्रयोगले कृतिको पनि परिचय झल्काएको पाइन्छ ।

## ४.२ गजल तत्त्वका आधारमा सडक गजल सङ्ग्रहका गजलहरूको विश्लेषण

सडक गजल सङ्ग्रहका गजलहरूको गजलीय तत्त्वहरूको आधारमा व्याख्या एवम् विश्लेषण गर्नु आवश्यक छ । यस उपशीर्षकमा गजल तत्त्वका आधारमा केही उदाहरणसहित ती गजलहरूको विश्लेषण गरिएको छ ।

### ४.२.१ भाव तथा विषयवस्तु

विवेच्य सडक गजल सङ्ग्रहका गजलहरूमा मुख्यतः सामाज, राजनीति, धर्म, इतिहास, शृङ्गार र देशप्रेम जस्ता विषयवस्तु प्रयोग भएका छन् । सडक गजल सङ्ग्रहमा भिन्न भिन्न विषयवस्तु प्रयोग भएका केही गजलका सेरहरूलाई प्रस्तुत गरी छुट्टाछुट्टै उपशीर्षकमा विश्लेषण गरिएको छ ।

#### ४.२.१.१ शृङगारिक भाव

उदाहरण

म दुनियाँ भएर पनि त एक्लो भएको छु
तिमी एक्लो छौ तिम्रो दुनियाँ भैदिउला

(६८/तिम्रा चोटहरूमा, पृ.८८)

प्रस्तुत सेरमा प्रेमीले प्रेमिकाकासँग आफू संसार वा सबथोक बनिदिने कुरा गरेकाले शृङ्गारिक भावव्यक्त भएको छ । यहाँ प्रेमीले आफू एक्लो भएको र एक्लो भए पनि प्रमिकालाई एक्लो हुन नदिन उसको लागि संसार बनिदिने वचन दिएको पाइन्छ ।

#### ४.२.१.२ राजनैतिक विसङ्गतिपूर्ण भाव

उदाहरण

देशले दिन्न कामकाज खाडीमा पुग्छ
सपनाहरूको जहाज खाडीमा पुग्छ

(५९/देशले दिन्न, पृ.७९)

प्रस्तुत सेरमा समसामयिक नेपाली राजनैतिक परिवेशमा देखापरेको विसङ्गतिपूर्ण विषयवस्तु प्रयोग भएको छ ।

### ४.२.१.३ विसङ्गतिपूर्ण जीवनको भाव

उदाहरण

यत्रा उकाला बोकेर ओराला बोकेर
जिन्दगी मैदानमा कसले लैजाला बोकेर

(१४/यत्रा उकाला बोकेर, पृ.३४)

उदाहरणमा गजलकारले जीवन नै बोझिलो भएको कुरा व्यक्त गरेका हुनाले यहाँ विसङ्गतिपूर्ण जीवनको विषयवस्तु प्रयोग भएको छ । जीवनमा धेरै सङ्कट झेल्न र समाधान गर्न कठिन भएको अनुभूति प्रस्तुत सेरमा अभिव्यक्त भएको छ ।

### ४.२.१.४ राष्ट्रियता र देशप्रेमको भाव

उदाहरण

आज तिमीले बन्दुक बोक्यौ मैले कलम बोकैँ
भोलि मसँग देश र तिमीसँग तक्मा हुने छ

(३४/परिवर्तन न हो, पृ.५४)

उदाहरणमा देखाइएको सेरमा राष्ट्रियता र देशप्रेमको विषयवस्तु प्रयोग भएको छ । आफू देशभक्तिको लेखनमा लागेको र युद्ध लड्नेले तक्मा पाउने विचार यसमा व्यक्त भएको छ ।

उदाहरणमा प्रयोग भएका विषयवस्तु मुख्य रूपमा उठाइएका विषयवस्तु हुन् । गजलकार संघर्षले गजलमार्फत अन्य विभिन्न विषयवस्तु पनि गजलमा समेटेका छन् । सडकलाई विसङ्गतिपूर्ण जीवनको प्रतीकका रूपमा उनले प्रायः गजलका मकतामा सडक शब्दमार्फत वर्तमान नेपाली जनजीवनको यथार्थ विषयवस्तुको उठान गरेका छन् ।

### ४.२.२ **कल्पना**

सडक गजल सङ्ग्रहका गजलहरूमा कल्पनाको पनि प्रयोग गरिएको छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

उदाहरण

मलाई भने हावामा दियो बालेर हेर्नुछ
दियोलाई दुनियाँ आफू जलाई हेर्नु थियो

(२२/क्यै नचलाइ, पृ.४२)

उदाहरणमा आफूले हावामा दियो जलाउने कल्पना गरिएको तर दियोले आफू जलेर दुनियाँ हेर्ने कल्पना गरेको कुरा व्यक्त भएको छ । हावामा दियो बाल्ने कुरा गजलकारको निजी कल्पनाको कुरा हो । आफूले ज्ञानको दियो बालेर संसारलाई नियाँलेर हेर्न मन लागेको कुरालाई काल्पनिक रूपमा यहाँ उल्लेख गरिएको छ ।

उदाहरण

परिवर्तन न हो निकै समयको फरकमा हुनेछ
गुलाब हिलोमा हुनेछ कमल सडकमा हुनेछ

(३४/परिवर्तन न हो, पृ.५४)

प्रस्तुत सेरमा समयअनुसार गुलाब हिलोमा र कमल सडकमा हुने कल्पनाको कुरा व्यक्त भएको छ । समय परिवर्तन हुने र अहिले भएको परिस्थिति उल्टिने कल्पनालाई गजलकारले यहाँ व्यक्त गरेका छन् ।

यसरी कल्पनाको प्रयोगले गजलमा सेरको भाव अभिव्यक्तिलाई विशिष्ट बनाएको पाइन्छ ।

### ४.२.३ सङ्गीत

विवेच्य सडक गजल सङ्ग्रह संरचनागत र तत्त्वगत दृष्टिले पूर्ण कृति मानिन्छ । यस कृतिभित्रका कुनै पनि गजलहरूलाई सङ्गीतबद्ध गरिएका छैनन् तथापि सबै गजलहरू सङ्गीतबद्ध गर्न योग्य रहेका छन् ।

### ४.२.४ गजल वाचन

सडक गजल सङ्ग्रहका सबै गजलहरू गजलकारले नै नेपाली गजल मुसायारा, काव्य मुसायरा, रचनावाचन र विभिन्न रेडियोमार्फत विभिन्न कार्यक्रममा वाचन भएका छन् । फेसबुक, युटुब जस्ता सञ्चार माध्यममा पनि वाचन गरिएका हेर्न र सुन्न पाइन्छ । यस अर्थमा सडक गजल सङ्ग्रह उत्कृष्ट रहेको पाइन्छ ।

### ४.२.५ बिम्ब तथा प्रतीक

सडक गजल सङ्ग्रहभित्रका गजलहरूमा बिम्ब तथा प्रतीकको अत्यधिक प्रयोग भएको पाइन्छ । यसका केही उदाहरण यसप्रकार छन् :

उदाहरण

नाङ्गो शरीरसँग ठक्कर गरे पछाडि
चिसो पानीले नै न्यानो महसुस गर्छ

(१८/अभावमा मुठ्ठीले, पृ.३८)

उदाहरणमा नाङ्गो शरीरसँग चिसो पानी ठोकिदा हुने भाव व्यक्त भएकाले स्पर्श बिम्ब प्रयोग भएको छ ।

उदाहरण

भ्रम रहेछ जिन्दगी भ्रममा बाँच्नेका लागि
एउटा जून छ कुवातल, एउटा कुवामाथि

(५/प्यासीले पानी, पृ.२५)

प्रस्तुत सेरमा जून कुवातल हुने र कुवामाथि हुने भाव व्यक्त भएकाले यहाँ दृश्य बिम्ब प्रयोग भएको पाइन्छ ।

उदाहरण

हुर्काउने क्रममा पो हिटलर बनेर हुर्किदिन्छन्
दुनियाँले पनि त सिकेका छन् बुद्ध जन्माउन

२९/आधा रात बन्नुपर्छ, पृ.४९)

प्रस्तुत उदाहरणमा हिटलरलाई युद्ध र हत्याको उन्माद चढेको क्रूर शासकका रूपमा र बुद्धलाई शान्त र ज्ञानी व्यक्तिको प्रतीकको रूपमा चित्रण गरिएको छ । यसरी प्रस्तुत सेरमा नेपाली समाजमा मानिसहरू बुद्ध जस्तै शान्त र ज्ञानी भएर जन्मे पनि हुर्किने क्रममा

### ४.२.६ भाषा

शैलीवैज्ञानिक अध्ययनमा भाषाकै अध्ययन हुने हुनाले सडक गजल सङ्ग्रहमा भाषाका शब्द चयन, वाक्य चयन तथा विचलन र समानान्तरताको अध्ययन पछिल्ला अध्यायमा गरिएको छ ।

**अध्याय पाँच**

# भाषिक चयनका आधारमा सडक गजलसङ्ग्रहका गजलहरूको विश्लेषण

## ५.१ पृष्ठभूमि

यस अध्यायमा शैलीवैज्ञानिक पद्धतिअनुरूप विवेच्य सडक गजलसङ्ग्रहका गजलहरूको भाषिक विश्लेषण गर्ने क्रममा चयनलाई आधार मानिएको छ । यस आधारमा गजलसङ्ग्रहका गजलहरूको शब्द चयन, वाक्य चयन र लेख्यचिह्न प्रयोगका आधारमा विश्लेषण गरिएको छ ।

## ५.२ शब्द चयन

सडक गजलसङ्ग्रहका गजलहरूमा गजलकार कमल सङ्घर्षले गरेका शब्द चयनलाई यहाँ विश्लेषण गर्ने प्रयत्न गरिएको छ । शब्द चयनअन्तर्गत सडक गजल सङ्ग्रहका गजलहरूमा तत्सम, तद्भव र आगन्तुक शब्द चयन भएका छन् जसलाई यसप्रकार विश्लेषण गरिएको छ :

### ५.२.१ तत्सम शब्द चयन

सडक गजल सङ्ग्रहका गजलहरूमा प्रयोग भएका तत्सम शब्दका केही उदाहरणहरू यसप्रकार छन :

उदाहरण

छुट्याउन आफ्नो नाता <u>प्रयोगशालामा</u>
राख्यो उसले <u>पितामाताप्रयोगशालामा</u>

(६/छुट्याउन आफ्नो नाता, पृ.२६)

उदाहरणमा देखाइएका नाता शब्दसँग माता तत्सम शब्द काफियाको अनुप्रास मिलाउन तथा प्रयोगशाला शब्द रदिफका रूपमा प्रयुक्त भई गजलमा काफिया र रदिफको

संयोजन भएको छ । यस्तो प्रयोगले गजल वाचनमा काफिया र रदिफको श्रुतिमधुरता ल्याएको छ ।

उदाहरण

कति <u>स्वतन्त्रता</u> मिल्छ <u>अधिनमा</u> रहँदा
<u>सङ्ग्राहालयमा</u> राखेर <u>बुद्ध</u>लाई हेर्नु थियो

(२२/क्यै नचलाइ, पृ.४२)

उदाहरणको रूपमा देखाइएका रेखाङ्कित शब्दहरू स्वतन्त्रता, अधिन, सङ्ग्राहालय र बुद्ध जस्ता तत्सम शब्द प्रयोगले मिसरा निर्माण र त्यसको भावलाई उत्कृष्ट बनाएको छ । त्यस्तै गजल सङ्ग्रहका गजलहरूमा प्रयोग भएका अन्य तत्सम शब्दहरूलाई यसप्रकार देखाउन सकिन्छ :

सत्कर्म, बाध्यता, नास्तिक, धार्मिक, अश्लील, आगमन, यौवन, वृद्धाश्रम, मृत्यु, प्रहार, भ्रम, विश्वास, चिह्न, पितामाता, प्रयोगशाला, परीक्षण, वृक्ष, दुश्मन, पार्थिव, अञ्जुली, आहुति, मन्त्री, पाण्डुलिपि, शृङ्खला, सन्यास, दुश्मन, यातना, मणि, सिद्धान्त, समवेदना, अधीन, मेला, वर्षात, आणविक, निषेध, स्वतन्त्रता, सङ्ग्राहालय, समानान्तर, घृणा, प्रतिकार, शत्रु, आधुनिक, नवजात, धर्ती, श्रद्धाञ्जली, बलि, पदक, विवाद, उन्माद, आकाश, त्रिपाल, प्रशोधन, सर्वाधिकार, हस्तक्षेप, क्षितिज, अङ्गार, इतिहास, विश्राम, पत्र, सङ्क्षिप्त, विद्वान्, युग, सूचना, जीर्ण, शिक्षक, शङ्का, उत्सव, अनुपम, प्रकृति, सूर्य, राष्ट्रियता, निशा, भयङ्कर, शृङ्गार, सञ्चार, श्रमिक, उद्यमी, पल्लव, राक्षस, प्रतिबन्ध, अभिनय, होली, अनुसन्धान, समाधी, अपराधी, मौनधारण, .....आदि ।

### ५.२.२ तद्भव शब्द चयन

सडक गजल सङ्ग्रहका गजलहरूमा प्रयुक्त तद्भव शब्द चयनका केही उदाहरण यसप्रकार उल्लेख गरिएका छन् :

उदाहरण

अचेल बिसाउदैन भरियाले पनि भारी
कुनै दिन लुटिएको रहेछ चौतारीबाट

(१३/धान फलाएर, पृ.३३)

उदाहरणमा देखाइएका रेखाङ्कित भरिया, भारी र चौतारी तत्दभव शब्दका रूपमा प्रयोग भएका छन् । यस्तो प्रयोगले गजलमा ग्रामीण सरलता र मौलिकता ल्याएको छ ।

उदाहरण

जिन्दगीमा अभावका ठेलाराखेको छ
राख्नेले निधारमा हत्केलाराखेको छ

(४५/जिन्दगीमा अभावका, पृ.६५)

उदाहरणका रूपमा देखाइएका रेखाङ्कित ठेला शब्द हत्केला शब्दसँग काफियाको अनुप्रास मिलाउन प्रयोग भएका छन् । यस्तो तद्भव शब्द प्रयोगले गजललाई मौलिक एवंम् सरल बनाएको हुन्छ । यसका साथै सडक गजल सङ्ग्रहका गजलहरूमा प्रयोग भएका अन्य तद्भव शब्दहरू यसप्रकार छन् :

आगो, लुगाफाटा, प्यासी, बालुवा, धुवाँ, मनुवा, निधार, आमा, जुन, बचपन, धान, मकै, बारी, भकारी, भरिया, चौतारो, दौतरी, ठाक्रा, खेलौना, पाथी, अचानो, आँखा, छानो, खुकुरी, परेला, ओत, पिँजडा, एकसरो, छिमेकी, मदानी, ठेकी, इनार, ताल, पखेटा, कटेरा, बचेरा, काउकुती, जाउलो, मोटो, खाल्डो, तद्भव, लोरी, ठेला, हत्केला, ऐठन, आनाकानी, आँचल, चप्पल, बुज्रुक, झुल, साउती, खिया, धारिला, कनिका, छुरा, बबुरा, चुरा, टुहुरा, भुरा, खाडी, बाडुल्की, जतन, तलाउ, मलामी, न्वारन, आरन, .......... आदि ।

### ५.२.३ आगन्तुक शब्द चयन

सडक गजल सङ्ग्रहका गजलहरूमा प्रयोग भएका आगन्तुक शब्दका केही उदाहरण यसप्रकार छन् :

उदाहरण

अमिर आँगन बनाउँदैन महल अगाडी
फकीरले सडकमै मञ्जिल बनाइदिन्छ

(१/आगोले आफ्नो, पृ.२१)

उदाहरणमा रेखाङ्कित शब्दहरू अमिर, महल, फकीर र सडक शब्द आगन्तुक शब्दका रूपमा प्रयोग भई गजल वाचनमा भाषिक विशिष्टता प्रदान गरेका छन् ।

उदाहरण,

नाफासँगको एउटा दुस्मनीले गर्दा हो
जिन्दगीमा बहुतनोक्सानी भएको छ

(५७/आगो नरहेर, पृ.७७)

उदाहरणको रूपमा देखाइएका रेखाङ्कित शब्दहरू आगन्तुक शब्द हुन् ।यस्तो प्रयोगले भाषिक नयाँपन थपेको पाइन्छ । उक्त गजल सङ्ग्रहका गजलहरूमा प्रयोग भएका अन्य आगन्तुक शब्दहरू यसप्रकार छन् :

सडक, अमीर, फकीर, महल, महफिल, मुस्किल, कातिल, टुँडाल, जिन्दगी, चुइगम, कानुन, अन्दाज, सेल्फी, बन्दुक, मैदान, मूर्दा, दलिन, तमसुक, सन्दुक, महसुस, गोदाम, खजना, जमाना, एल्बम, मोबाइल, जुम, हुलिया, बम, आजाद, सायर, बैसाखी, इडिट, नेचुरल, आजित, चेहरा, सवाल, जवाफ, सफर, लालटिन, ब्याट्री, बार्दली, तक्मा, क्यानभास, हिटलर, अत्तर, फ्रिज, कमिज, बेलुन, क्यामेरा, आसमान, पसल, मजबुरी, तुफान, खतरा, बहादुर, जुलुस, अर्गानिक, डायरी, गजल, दमकल, मजबुती, तकिया, फिक्का, दिल, बहुत,

नोक्सानी, नाफा, दुस्मनी, जहाज, इलाज, खल्ती, बटन, मेसिन, पासपोर्ट, भिसा, वकालत, सवार, सजाय, .....आदि ।

## ५.३ वाक्य चयन

सडक गजल सङ्ग्रहका गजलहरूमा प्रयोग भएका वाक्य चयनका केही उदाहरणहरू यसप्रकार छन् :

उदाहरण

आगोले आफ्नो महफिल बनाइदिन्छ
र मान्छेहरूलाई मुस्किल बनाइदिन्छ

(१/आगोले आफ्नो, पृ.२१)

उदाहरणमा दुबै मिसराका सरल वाक्यलाई 'र' संयोजकले जोडेर संयुक्त वाक्य बनाइएको छ । पदक्रमका दृष्टिले पनि वाक्य उपयुक्त रहेकाले यसप्रकारको वाक्य चयनले गजल वाचनलाई उत्कृष्ट बनाएको छ ।

उदाहरण

जता हेर्‍यो उतै दुश्मनको चेहारा देखिराख्छ
एकातिर भाइ राख्छ एकातिर छिमेकी राख्छ

(२८/जता हेर्‍यो उतै, पृ.४८)

उदाहरणका सेरका दुबै मिसरामा एक एकवटा अधीन उपवाक्यलाई स्वतन्त्र उपवाक्यसँग सापेक्ष संयोजक क्रमशः जता र एकातिरले जोडिएकाले मिश्र वाक्य प्रयोग भएको छ ।

उदाहरण

न प्यासले सोध्यो कहिल्यै न पानीले भन्यो
कसको जवानी पोखिएको छ पधेराभित्र

(३८/लुकाएर राख्छ, पृ.५८)

उदाहरणमा प्रस्तुत सेरको पहिलो मिसरामा दुईवटा छुट्टाछुट्टै स्वतन्त्र उपवाक्यलाई न ...... न निरपेक्ष संयोजकद्वारा जोडिएर बनेको संयुक्त वाक्यको प्रयोग भएको छ ।

उदाहरण

जिन्दगीमा अभावका ठेला राखेको छ

(४५/जिन्दगीमा, पृ.६५)

प्रस्तुत उदाहरणका मिसरामा सरल वाक्य प्रयोग भएको छ । सङ्ग्रहका गजलहरूमा सरल वाक्य प्रयोग पर्याप्त भएको पाइन्छ ।

सडक गजल सङ्ग्रहमा सरल, मिश्र र संयुक्त तीनै प्रकारका वाक्य प्रयोग भएका छन् । यी विभिन्न वाक्यहरूले गजलमा भाव, गजल वाचन र गजलको भाषिक पक्षलाई विशिष्ट बनाएका छन् ।

## ५.४ लेख्यचिह्न प्रयोग

सडक गजल सङ्ग्रहका गजलहरूमा प्रश्नवाचक चिह्न र विस्मयसूचक चिह्नको प्रयोग भएको पाइन्छ । तिनलाई उदाहरणका रूपमा यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

उदाहरण

ए सरकार ! मलाई हिटलर बनाइदिन्छौ ?
मानौ मैले मारे बुद्धलाई उदाहरणका लागि

(८/उसले समायो सलाई, पृ.२८)

उदाहरणमा उद्गार चिह्न र प्रश्नवाचक चिह्न प्रयोग भएका छन् । लेख्यचिह्न प्रयोगले गजल वाचनलाई विशिष्ट बनाएको छ ।

उदाहरण

कुन नदी छ नबगेर समुन्द्र पुगेको
र बग्नुको पिडा कुन नदीमा हुदैंन ?

(७५/झुक्किएर आउने, पृ.९५)

उदाहरणमा प्रयुक्त रेखाङ्कित चिह्नहरू सडक गजल सङ्ग्रहमा प्रयोगमा रहेका छन् । सडक गजल सङ्ग्रहका गजलहरूमा प्रश्नवाचक चिह्न र विस्मयवाचक चिह्नबाहेक अन्य लेख्यचिह्न प्रयोगमा रहेका छैनन् । गजलमा यी चिह्नको प्रयोगले गजलका कथनलाई सार्थक, भाषिक तथा गजल वाचनलाई पनि विशिष्ट बनाएको पाइन्छ ।

## अध्याय छ

# सडक गजल सङ्ग्रहका गजलहरूमा अग्रभूमि निर्माण र पाठक अभिमत

## ६.१ पृष्ठभूमि

यस अध्यायमा गजलकार कमल संघर्षद्वारा रचित सडक गजल सङ्ग्रहका गजलहरूमा प्रयुक्त शैलीवैज्ञानिक अग्रभूमि निर्माणको व्याख्या तथा विश्लेषण गरिरएको छ । यस क्रममा अग्रभूमि निर्माणका दुई पक्ष विचलन र समानान्तरताको अध्ययन विश्लेषणलाई छुट्टाछुट्टै शीर्षक र उपशीर्षकअन्तर्गत क्रमशः प्रस्तुत गरिएको छ । अग्रभूमि निर्माणको विश्लेषणपछि अन्त्यमा पाठक अभिमतको विश्लेषण गरिएको छ ।

## ६.२ सडक गजल सङ्ग्रहका गजलहरूमा विचलन

सडक गजल सङ्ग्रहका गजलहरूमा विचलनको प्रयोग अत्यधिक मात्रामा गरिएको पाइन्छ । यस क्रममा विचलनका प्रकारहरूलाई छुट्टाछुट्टै उपशीर्षकअन्तर्गत क्रमशः विश्लेषण गरिएको छ ।

### ६.२.१ अर्थतात्त्विकविचलन

सडक गजल सङ्ग्रहका धेरै गजलहरूमा अर्थतात्त्विक विचलनका प्रयोग गरिएको छ । तीमध्ये मुख्य अंशहरू उल्लेख गरी यसप्रकार विश्लेषण गरिएको छ :

उदाहरण

सडकमा उभिएर सालिकले भनिरहेछ
धेरै फाइदा हुन्छ केही घाटाहरूबाट

(४/प्रहारको अन्दाज, पृ.२४)

प्रस्तुत सेरका पहिलो मिसरामा सालिकले केही भनिरहेको कुरा व्यक्त भएको छ । सालिक निर्जीव वस्तु भएकाले बोल्ने कुरा सम्भव हुँदैन । यहाँ मान्छेमा चेतना र मानवता हराएको तर समाजको अवस्थालाई सालिकले आफैँ भनेर प्रकट गरिरहेको कल्पना गरी

अर्थतात्त्विक विचलन गरिएको छ ।  यसले गजलको सेरको भावलाई मार्मिक र संवेदनशील बनाएको पाइन्छ ।

उदाहरण

बेवारिसे एउटा लासको परीक्षण गर्दा
भेटिएछ सगरमाथा प्रयोगशालामा

(६/छुट्याउन आफ्नो नाता, पृ.२६)

प्रस्तुत सेरको दोस्रो मिसरामा मान्छे मरेर पनि देशप्रतिको माया, देशभक्ति र नेपालीको सगरमाथा जस्तै उच्च वीरगाथाको अर्थ प्रकट गर्न मान्छेको लास परीक्षण गर्दा सगरमाथा भेटिएको कुरा व्यक्त भएको छ । मान्छेको लासभित्र सगरमाथा भेटिन सम्भव हुँदैन । त्यसैले यहाँ अर्थमा विचलन गराई गजलको सेरलाई विशिष्ट एवंम् भाषा सौन्दर्यको सृजना गरिएको छ ।

उल्लिखित उदाहरणहरूमा सेरले व्यक्त गर्ने सामान्य अर्थलाई विशिष्ट बनाउन अर्थतात्त्विक विचलन गरिको छ । सडक गजल सङ्ग्रहमा थुप्रै मात्रामा यस्ता विचलन प्रयोग भएका छन् । यसले गजलको अर्थलाई विशिष्ट, संवेदनशील बनाउनुका साथै गजललाई गेय र श्ररतिमधुर बनाएको पाइन्छ ।

### ६.२.२ व्याकरण विचलन

सडक गजल सङ्ग्रहका गजलहरूमा व्याकरणिक विचलन पर्याप्त प्रयोग भएको छ । व्याकरणिक विचलनमा मुख्यतः पदक्रम विचलन पाइन्छ भने आदर र कारक विचलन पनि सीमित रूपमा प्रयोग भएका छन् । यी विचलनहरूलाई छुट्टाछुट्टै उपशीर्षकमा विश्लेषण गरिएको छ ।

#### ६.२.२.१ पदक्रम विचलन

सडक गजल सङ्ग्रहका गजलहरूमा पदक्रम विचलनका अत्यधिक उदाहरणहरू पाइन्छन् । यहाँ तीमध्ये मुख्य अंशहरूलाई यसप्रकार विश्लेषण गरिएको छ :

उदाहरण

नरम लाग्छ घरसँग जोडिएको सडक

(२/हुन त खुसीको, पृ.२२)

यस मिसरामा क्रियापद सुरुमा राखी पदक्रम विचलन गराइएको छ । व्याकरणिक पदक्रमअनुसार घरसँग जोडिएको सडक नरम लाग्छ हुनुपर्ने हो तर यहाँ मिसरालाई विशिष्ट तुल्याउन यस्तो विचलन गरिएको छ ।

उदाहरण

भुइँतिरै हेर्छन् ती जुन ताराहरू

(१०/दिनु थियो, पृ.३०)

प्रस्तुत मिसरामा व्याकरणिक पदक्रमअनुसार ती जुन ताराहरू भुइँतिरै हेर्छन् हुनुपर्नेमा अभिव्यक्तिमा सौन्दर्यता ल्याउन यस्तो विचलन गरिएको पाइन्छ ।

यसरी गजलका सेरहरूमा पदक्रम विचलनले वाचन गर्ने क्रममा सहज र श्रुति मधुर थपेको पाइन्छ ।

### ६.२.२.२ आदरगत विचलन

सडक गजल सङ्ग्रहका गजलहरूमा केही मात्रामा आदरगत विचलन गरिएको पाइन्छ । तिनका उदाहरण यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

उदाहरण

ए सरकार ! मलाई हिटलर बनाइदिन्छौ ?
मनौं  मैले मारे बुद्धलाई उदाहरणका लागि

(८/उसले समायो, पृ.२८)

प्रस्तुत उदाहरणमा सरकार निर्जीव कुरालाई बनाइदिन्छस् अनादरार्थी क्रियापद प्रयोग गर्नुपर्नेमा सामान्य आदरार्थी बनाइदिन्छौ क्रियापदको प्रयोग गरिएकाले आदरगत विचलन भएको छ । गजलको अभिव्यक्तिलाई उत्कृष्ट बनाउन यस्तो विचलन गरिएको पाइन्छ ।

### ६.२.२.३ कारक विचलन

सडक गजल सङ्ग्रहका गजलहरूमा सीमित मात्रामा कारक विचलन गरिएको पाइन्छ । यसमा भएका कारक विचलनलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

उदाहरण

मैले मुटु झिकेर मुटुको ठाउँमा राखेँ
बचाउन यो देशलाई खतराबाट

(२७/माटो चोरिदैँ, पृ.४७)

उदाहरणमा यस (तिर्यक् कारक) देशलाई हुनुपर्नेमा यो (सरल कारक) देशलाई उल्लेख भएको छ । यहाँ यसलाई यो बनाई प्रयोग गर्नु कारक विचलन हो । उक्त सेरलाई गायन र वाचनमा उत्कृष्ट बनाउने प्रयोजनका लागि यस्तो विचलन गरिएको पाइन्छ ।

### ६.२.३ प्रयुक्ति विचलन

सडक गजल सङ्ग्रहका गजलहरूमा भएका प्रयुक्ति विचलनका केही उदाहरणलाई यसप्रकार विश्लेषण गरिएको छ :

उदाहरण

बेवारिसे एउटा लासको परीक्षण गर्दा
भेटिएछ सगरमाथा प्रयोगशालामा

(६/छुट्याउन आफ्नो नाता, पृ.२६)

उदाहरणमा देशप्रतिको प्रेम वा राष्ट्रभक्ति बुझाउन मान्छेको लास परीक्षण गर्दा सगरमाथा भेटिएको कुरा व्यक्त भएको छ । यहाँ भूगोल तथा प्रकृति क्षेत्रको हिमाल जनाउने शब्द सगरमाथालाई विषयान्तर गरी प्रयोग गरिएको छ । यसप्रकारको विचलनले गजलको भावलाई सुन्दर बनाएको पाइन्छ ।

उदाहरण

माटो चोरिँदै गएपछि जराबाट
उजाड भो जिन्दगी हराभराबाट

(२७/माटो चोरिदैँ गएपछि, पृ.४७)

उदाहरणमा हराभरा, माटो, जरा र उजाड जस्ता शब्दहरू वनस्पति क्षेत्रका हुन् । यी शब्दहरूलाई विषयान्तर गरी सेरमा जीवनसँग सम्बन्धित बनाई मान्छेको निरासपनलाई व्यक्त गर्ने सन्दर्भमा प्रयोग गरिएकाले प्रयुक्ति विचलन भएको पाइन्छ । यस्तो विचलनले भाव अभिव्यक्ति सशक्त बनाएको पाइन्छ ।

उदाहरण

मनमा लागेको खिया फरक हुँदो रहेछ
काडाँहरूको तकिया फरक हुँदो रहेछ

(५१/मनमा लागेको, पृ.७१)

उदाहरणमा फलाममा लाग्ने खिया शब्दलाई विषयान्तर गरी मान्छेको जीवनसँग प्रयोग गरिएको छ । यहाँ मनमा पिर,वेदना भएको कुरा व्यक्त गर्न खिया शब्दलाई प्रयुक्ति विचलन गरी प्रयोग गरिएको पाइन्छ । यस्तो विचलनले गजलको भाव सुन्दर बनाएको पाइन्छ ।

उदाहरण

तिम्रा चोटहरूमा म छियाछिया भैदिऊँला
सोमालिया भैदिऊँला सिरिया भैदिऊँला

(६८/तिम्रा चोटहरूमा, पृ.८८)

उदाहरणमा युद्धले ग्रसित सोमालिया र सिरिया जस्ता देशहरू जनाउने शब्दहरू प्रेमिकाबाट धोका पाउँदा आफ्नो जीवन पनि चोटहरूले सोमालिया र सिरिया जस्तै ग्रसित भएको बुझाउन यी दुई शब्दको विषयान्तर गरी प्रयोग गरिएकाले प्रयुक्ति विचलन भएको छ । यस्तो विचलनले गजलको अर्थ प्रवाहलाई विशिष्ट गराएको पाइन्छ ।

### ६.२.४ ध्वनिप्रक्रियात्मक विचलन

सडक गजल सङ्ग्रहका गजलहरूमा ध्वनिप्रक्रियात्मक विचलनको केही प्रयोग भएको पाइन्छ । यसमा प्रयोग भएका ध्वनिप्रक्रियात्मक विचलनलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

उदाहरण

पानीको रङ हुन्न तिमी खै कसोरी भन्छौ
देखिन्छन् यी नदी राता प्रयोगशालामा

(६/छुट्याउन आफ्नो नाता, पृ.२६)

उदाहरणको मिसरामा कसरी शब्दलाई कसोरी बनाई ध्वनिप्रक्रियात्मक विचलन गरिएको छ । यस्तो विचलनले गजलको सेरलाई श्रुतिमधुर बनाएको पाइन्छ ।

### ६.२.५ भाषिका विचलन

सडक गजल सङ्ग्रहभित्र ७६ औं गजल नेपाली भाषाको वरपश्चिमा भाषिका अछाम, बझाङ र बाजुरा जिल्लामा बोलिने भाषिकाको रहेको छ । चार सेरको उक्त गजल सम्पूर्ण रूपमा ओरपश्चिमा भाषिकामा लेखिएको छ । यसको उदाहरण यसप्रकार रहेको छ :

उदाहरण

यसरी छ्यो हजुरको गुन लाग्याको पन
छ अलिउनो जसो भ नुन लाग्याको पन

मस्तै भैगो गयाकी साई फर्कि नआयाको
मस्तै भैगो बाटो एक्लै हुन्लाग्याको पन

अन्यारै अन्यारो लाग्दो रातदिनै यो धर्ती
खड गयो सरग भरि जुन लाग्याको पन

रूइजानो मतारी धेक्या दुध खान्या बालख
पत्तिनो मतारी धेक्या रून लाग्याको पन

(७६/यसरी छ्यो, पृ.९६)

**केही शब्दका नेपाली अर्थ**

छ्यो - थियो, भ - भयो, मस्तै - धेरै, साई - प्रेमिका,
खड - खेर, मतारी - आमा, धेक्या - देख्दा

प्रस्तुत गजल नेपाली भाषाको ओरपच्छिमा भाषिकामा रचिएको छ । गजलकारद्वारा आफ्नो मौलिक, स्थानीय र जनजिब्राको बोलीको मिठास ल्याउन यस्तो विचलन गरिएको पाइन्छ ।

## ६.३ सडक गजल सङ्ग्रहका गजलहरूमा समानान्तरता

सडक गजल सङ्ग्रहका गजलहरूमा समानान्तरताको पर्याप्त प्रयोग भएको छ । बाह्य समानान्तरता अत्यधिक पाइन्छ भने आन्तरिक समानान्तरताको पनि प्रयोग भएको पाइन्छ । प्रस्तुत गजल सङ्ग्रहका गजलहरूको संरचनामा विशेष गरी काफिया र रदिफमा बाह्य (वर्णगत र शब्दगत) समानान्तरताको अत्यधिक र आन्तरिक समानान्तरताको पर्याप्त प्रयोग भएको पाइन्छ । विवेच्य गजल सङ्ग्रहमा प्रयोग भएका बाह्य र आन्तरिक समानान्तरतालाई यहाँ छुट्टाछुट्टै उपशीर्षकमा उल्लेख गरी विश्लेषण गरिएको छ ।

### ६.३.१ आन्तरिक समानान्तरता

सडक गजल सङ्ग्रहका गजलहरूमा आन्तरिक समानान्तरताको धेरै प्रयोग भएको छ । उक्त गजलहरूमा प्रयुक्त आन्तरिक समानान्तरताका केही उदाहरण प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

उदाहरण

सुदामालाई अब कसले गरिब बनाउँछ

(९/समयले जिउँदालाई, पृ.२९)

प्रस्तुत उदाहरणमा सुदामा र गरिब शब्दलाई समान अर्थका लागि प्रयोग गरिएकाले आन्तरिक समानान्तरता भएको छ ।

उदाहरण

यतिसम्म विभेद गर्छ कि यो समयले
कोही लास, कसैलाई पार्थिव बानाउँछ

(९/समयले जिउँदालाई, पृ.२९)

प्रस्तुत सेरमा लास र पार्थिव दुई शब्द समान अर्थका लागि प्रयोग गरिएकाले आन्तरिक समानान्तरता भएको छ ।

उदाहरण

दौँतरी मलामी केही छुटेजस्तै ठान्छन्
अर्कोपटक मूर्दा बोक्ने एकजना हुँदैन्

(१५/मूर्दाहरूमा पो, पृ.३५)

प्रस्तुत सेरमा समान अर्थका लागि मलामी शब्द र मूर्दा बोक्ने पदावलीको प्रयोग गरिएकाले आन्तरिक समानान्तरता भएको छ ।

यसरी यस सङ्ग्रहका गजलहरूमा आन्तरिक समानान्तरताको प्रयोगले सेरको भाव सघनता, गजलको अभिव्यक्ति सौन्दर्य र भावगत संवेदनशीलता प्रदान गरेको छ ।

### ६.३.२ बाह्य समानान्तरता

सडक गजल सङ्ग्रहका गजलहरूमा बाह्य समानान्तरताअन्तर्गत मुख्यतः वर्ण र शब्दगत समानान्तरताको प्रयोग भएको छ भने वाक्यगत समानान्तरता प्रयोग भएको पाइदैंन् । वर्ण र शब्दगत समानान्तरताको  छुट्टाछुट्टै उपशीर्षकमा विश्लेषण गरिएको छ ।

#### ६.३.२.१ वर्णगत समानान्तरता

सडक गजल सङ्ग्रहका गजलहरूमा वर्णगत समानान्तरताको प्रयोग भएको पाइन्छ । जसलाई तल उल्लेख गरिएको छ :

उदाहरण

सडक पछाडि हिड्छ गाडी अगाडी हिँड्दा

(३/छोरो हरेक दिन, पृ.२३)

उदाहरणको मिसरामा सडक, पछाडि, हिड्छ, गाडी, अगाडी र हिँड्दा शब्दमा ड वर्ण छ पटक प्रयोग भएकाले यहाँ वर्णगत समानान्तरता भएको छ ।

उदाहरण

हिलोमा फुल्दैमा कमल हिलो हुँदैन्

(१९/खुब सोचियो, पृ.३९)

उदाहरणको मिसरामा हिलो, फुल्दै, कमल हिलो र हुँदैन् शब्दमा ल वर्ण चार पटक र ह वर्ण तीन चोटीको समान प्रयोगबाट वर्णगत समानान्तरता भएको पाइन्छ ।

उदाहरण

मजबुत छ भरपर्दो छ टिक्छ भन्नुपर्छ

(६३/समयको परिवर्तन, पृ.८३)

प्रस्तुत उदाहरणका मिसरामा मजबुत छ, भरपर्दो छ, टिक्छ र भन्नुपर्छ पदमा छ वर्ण को चार पटक प्रयोग गरी वर्णगत समानान्तरता गराइएको छ ।

यसरी वर्णगत समानान्तरताको प्रयोगले गजल वाचनमा सघनता, गेय र श्रुतिमधुर बनाएको पाइन्छ ।

### ६.३.२.२ **शब्दगत समानान्तरता**

सडक गजल सङ्ग्रहका गजलहरूमा शब्दगत समानान्तरताको अत्यधिक प्रयोग भएको छ । तीमध्ये केही उदाहरण यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

उदाहरण

प्रहारमाथिको प्रहार समेत मलम हुँदै जान्छ

(३/छोरो हरेक दिन, पृ.२३)

प्रस्तुत मिसरामा रेखाङ्कित प्रहार शब्द दुई पल्ट दोहोरिएर शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

एउटा सिङ्गो थियो काट्दा आधा बन्यो
आधै रह्यो जिन्दगी जो आधा बनाइयो

(१६/मणि बन्ने समय, पृ.३६)

उदाहरणको सेरमा आधा शब्द तिन पल्ट दोहोरिएर शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

फूलगमलासँग छ या गमलाफूलसँग छ

(२४/पिडामा मुस्कुराउने पृ.४४)

उदाहरणका मिसरामा फूल र गमला शब्द समान दुई/दुई चोटि पुनरवृत्ति भएकाले शब्दगत समानान्तरता भएको छ ।

उदाहरण

छालले किनार ! किनारलाई किनारले हिर्काउछ

(४६/हिर्काउन परे, पृ.६६)

प्रस्तुत उदाहरणमा एउटै मिसरामा किनार शब्द तीन चोटि प्रयोग भएकाले शब्दगत समानान्तरता भएको छ ।

यसरी गजलमा शब्दगत समानान्तरताको प्रयोगले गजललाई वाचनमा ,श्रुतिमा, अभिव्यक्तिमा र भाव सम्प्रेषणमा विशिष्ट बनाएको छ ।

## ६.४ पाठक वर्गबाट सङ्कलित अभिमत विश्लेषण

प्रस्तुत अध्ययन सडक गजल सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । यो अध्ययन पुस्तकालयीय अध्ययनमा केन्द्रित रहेपनि यसलाई क्षेत्र अध्ययनका रूपमा समेत लिइएको छ । प्रस्तुत अध्ययनलाई शोधार्थीले मात्र अध्ययन विश्लेषण गर्दा शोधकार्य विश्वसनीय र वैद्य नहुने भएकाले यसलाई विश्वसनीय बनाउन गजल र शैलीविज्ञानसम्बन्धी ज्ञान भएका तथा सडक गजल सङ्ग्रह अध्ययन गरेका बीसजना पाठकसँग प्रश्नावली निर्माण गरी छलफल गरिएको छ । अनुसन्धेय विषयमा छलफल गर्न नमूना छनोटका व्यक्तिहरूलाई फरक फरक चरणमा छलफल गरी पाठहरूको राय सङ्कलन गर्नका लागि प्रश्नावलीको निर्माण गरी पाठकहरूका सुझावहरू सङ्कलन गरिएको छ जसलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**बीस जना पाठकहरूबाट सङ्कलित अभिमत तालिका**

| क.स. | प्रश्न | साझा अभिमत | फरक अभिमत | निष्कर्ष |
|---|---|---|---|---|
| १. | सडक गजल सङ्ग्रहका गजलहरू गजल सिद्धान्त (संरचना र तत्त्व) अनरूप के कस्ता रहेका छन् ? | पूर्ण रूपमा गजलको संरचना र तत्त्वको प्रयोग भएकाले कृति उत्कृष्ट रहेको । | फरक अभिमत प्रस्तुत नभएको, | सङ्ग्रहका गजलहरूमा गजलको सैद्धान्तिक संरचना र आवश्यक तत्त्वहरू पूर्ण रूपमा प्रयोग भएका । |
| २. | सडक गजल सङ्ग्रहका गजलहरूमा काफिया र रदिफको प्रयोग के-कस्तो रहेको छ ? | गजलहरूमा पूर्ण र आंशिक काफिया प्रयोग भएका साथै सबै गजलहरूमा रदिफको प्रयोग भएको, | शब्द र पदावलीका रूपमा पनि रदिफको प्रयोग भएको । | रदिफ र काफियाको प्रयोगले गजलहरू उत्कृष्ट हुने । |
| ३. | गजल सङ्ग्रहका गजलहरूमा तखल्लुस प्रयोगको अवस्था कस्तो रहेको छ ? | गजल सङ्ग्रहमा दुई किसिमका तखल्लुस प्रयोग भएका, गजल सङ्ग्रहको नाम र गजलकारको नामबाट | गजल सङ्ग्रहको नामको तखल्लुस बढी मात्रामा प्रयोग भएका । | गजलका मकतामा दुई किसिमका तखल्लुस प्रयोगले गजल लेखनमा नयाँपन ल्याएको । |
| ४. | शब्द चयनका दृष्टिले सडक गजल सङ्ग्रहका गजलहरू कस्ता पाउनुभयो ? | शब्द चयनमा तत्सम तद्भव र आगन्तुक तीनै प्रकारका शब्द चयन पर्याप्त भएको, | आगन्तुक शब्द चयन बढी भएको । | तीनै प्रकारका शब्द चयनले गजलहरू उत्कृष्ट बनाएका । |
| ५. | सडक गजल सङ्ग्रहका गजलहरूमा वाक्य चयन के कस्तो भएको छ ? | सरल, मिश्र र संयुक्त तीनै प्रकारका वाक्य प्रयोग भएका, | फरक अभिमत प्रस्तुत नभएको । | तीनै प्रकारका वाक्य प्रयोगले गजलहरू उत्कृष्ट बनाएका । |
| | सडक गजल सङ्ग्रहका गनलहरूमा स्रोतका आधारमा शब्द चयनमा कुन प्रकृतिका शब्द बढी प्रयोग भएका | आगन्तुक शब्द चयन बढी भएको, | फरक अभिमत प्रस्तुत नभएको । | आगन्तुक शब्दको बढी मात्रामा चयनले गजलहरू उत्कृष्ट बनाएका । |

| | | | | |
|---|---|---|---|---|
| ६. | छन् ? | | | |
| ७. | सडक गजल सङ्ग्रहका गजलहरूमा विचलन प्रयोगको अवस्था के कस्तो रहेको छ ? | गजलहरूमा मुख्यतः अर्थतात्त्विक, व्याकरणिक, प्रयुक्ति विचलन पर्याप्त मात्रामा भएको, | फरक अभिमत प्रस्तुत नभएको । | पर्याप्त मात्रामा विचलन प्रयोगले गजलहरू उत्कृष्ट बनेका । |
| ८. | सडक गजल सङ्ग्रहका गजलहरूमा समानान्तरता प्रयोगको अवस्था के कस्तो रहेको छ ? | आन्तरिक समानान्तरता पर्याप्त र बाह्य समानान्तरता अत्यधिक प्रयोग भएको, | बाह्य समानान्तरता प्रयोग बढी भएको । | आन्तरिक समानान्तरता र बाह्य समानान्तरताको पर्याप्त प्रयोगले गजलहरू उत्कृष्ट बनेका । |
| ९. | सडक गजल सङ्ग्रहका गजलहरूमा कुन प्रकृतिको विचलन बढी भएको छ ? | गजलहरूमा अर्थतात्त्विक विचलन बढी प्रयोग भएको, | व्याकरणिक र प्रयुक्ति विचलनको पनि पर्याप्त प्रयोग भएका । | अर्थतात्त्विक विचलनले गजलको भावलाई उत्कृष्ट बनाएको । |
| १०. | समग्रमा सडक गजल का सङ्ग्रहका गजलहरू भाषिक प्रयोगका दृष्टिले के कस्ता रहेका छन् ? | गजलहरू भाषिक प्रयोगका दृष्टिले उत्कृष्ट रहेका, | फरक अभिमत प्रस्तुत नभएको । | स्तरीय भाषा प्रयोगले गजलहरू उत्कृष्ट बनेका । |

सडक गजल सङ्ग्रहका गजलहरू गजल सिद्धान्त (संरचना र तत्त्व) अनरूप के कस्ता रहेका छन् ? उक्त प्रश्नमाथि छलफल गर्दा सबै नमुना छनोट सहभागी पाठकहरूले एउटै विचार व्यक्त गरेका छन् । गजलीय संरचनाअन्तर्गत सेर, काफिया, रदिफ र तखल्लुस तथा तत्त्वअन्तर्गत विषयवस्तु/भाव, कल्पना, सङ्गीत, अनुप्रास, गजल वाचन, बिम्ब प्रतीक र भाषा सबै सैद्धान्तिक हिसाबले सङ्ग्रहका गजलहरू पूर्ण र उत्कृष्ट रहेका छन् ।

सडक गजल सङ्ग्रहका गजलहरूमा काफिया र रदिफको प्रयोग के कस्तो रहेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा नमुना सहभागीहरूले अलग अलग विचार प्रस्तुत गरेका छन् । कतिपय सहभागीहरूले रदिफ प्रयोग शब्दका रूपमा र पदावलीका रूपमा भएको फरक मत राखेका छन् । गजल सङ्ग्रहका गजलहरूका सबै गजलहरूमा काफिया र रदिफको प्रयोग भएका छन् ।

गजल सङ्ग्रहका गजलहरूमा तखल्लुस प्रयोगको अवस्था कस्तो रहेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा अलग अलग विचार प्रस्तुत गरेका छन् । नमुना छनोट सहभागीमध्ये १५ जनाले दुई किसिमको तखल्लुस प्रयोग भएको विचार व्यक्त गरेका छन् भने पाँचजना सहभभागीले एकै किसिमको तखल्लुस प्रयोग भएको विचार व्यक्त गरेका छन् । गजलहरूमा गजलकारले नौलो प्रयोगको रूपमा सङ्ग्रहको नाम र स्वंयम् आफ्नो नामलाई तखल्लुसका रूपमा प्रयोग गरेका छन् ।

शब्द चयनका दृष्टिले सडक गजल सङ्ग्रह के कस्तो रहेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा नमुना सहभागीहरूले अलग अलग विचार प्रस्तुत गरेका छन् । सहभागीमध्ये १२ जना सहभागीले गजलहरूमा तीनै किसिमका तत्सम, तद्भव र आगन्तुक शब्द चयन पर्याप्त भएको विचार व्यक्त गरेका छन् । त्यस्तै सहभागीमध्ये आठजनाले गजलमा आगन्तुक शब्द चयन बढी भएको विचार व्यक्त गरेका छन् । गजलहरूमा तीनै प्रकारका शब्द चयन पर्याप्त भएकाले सङ्ग्रहका गजलहरू उत्कृष्ट बनेका छन् ।

सडक गजल सङ्ग्रहमा वाक्य चयन के कस्तो रहेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा नमुना सहभागीहरूले एउटै विचार प्रस्तुत गरेका छन् । गजल सङ्ग्रहमा तीनै किसिमका सरल, मिश्र र संयुक्त वाक्यहरू गजलका सेरमा प्रयोग भएको विचार व्यक्त गरेका छन् । तीनै प्रकारका वाक्यहरू प्रयोगले गजलहरू उत्कृष्ट बनाएका छन् ।

सडक गजल सङ्ग्रहका गजलहरूमा स्रोतका आधारमा शब्द चयनमा कुन प्रकृतिका शब्द बढी प्रयोग भएका छन् ? उक्त प्रश्नमाथि छलफल गर्दा नमुना सहभागीहरूले एउटै विचार प्रस्तुत गरेका छन् । सङ्ग्रहका गजलहरूमा आगन्तुक शब्द बढी प्रयोग भएको विचार व्यक्त गरेका छन् । आगन्तुक शब्दको प्रयोगले गजलहरू उत्कृष्ट बनेका छन् ।

सडक गजल सङ्ग्रहका गजलहरूमा विचलन प्रयोगको अवस्था के कस्तो रहेको छ ?उक्त प्रश्नमाथि छलफल गर्दा नमुना सहभागीहरूले एउटै विचार प्रस्तुत गरेका छन् । गजलहरूमा मुख्यतः अर्थतात्त्विक, व्याकरणिक र प्रयुक्ति विचलन पर्याप्त मात्रामा भएका छन् । गजलहरूमा ध्वनिप्रक्रियात्मक र भाषिका विचलन पनि सीमित रूपमा प्रयोग भएका छन् । विचलनको प्रयोगले गजलहरू उत्कृष्ट बनेका छन् ।

सडक गजल सङ्ग्रहका गजलहरूमा समानान्तरताको अवस्था के कस्तो रहेको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा नमुना सहभागीहरूले अलग अलग विचार प्रस्तुत गरेका छन् । सहभागी दशजनाले गजलहरूमा आन्तरिक र बाह्य समानान्तरताको पर्याप्त प्रयोग भएको विचार व्यक्त भएका छन् । त्यस्तै दशजनाले बाह्य समानान्तरता अत्यधिक प्रयोग भएको विचार व्यक्त गरेका छन् । गजलहरूमा समानान्तरताको पर्याप्त प्रयोगले गजलहरू उत्कृष्ट बनेका छन् ।

सडक गजल सङ्ग्रहका गजलहरूमा कुन प्रकृतिको विचलन बढी भएको छ ? उक्त प्रश्नमाथि छलफल गर्दा नमुना सहभागीहरूले अलग अलग विचार प्रस्तुत गरेका छन् । सहभागीहरूमध्ये १२ जनाले अर्थतात्त्विक विचलनको प्रयोग बढी भएको विचार व्यक्त गरेका छन् । त्यस्तै सहभागी आठ जनाले अर्थतात्त्विक, व्याकरणिक र प्रयुक्ति विचलनको प्रयोग पर्याप्त भएको विचार व्यक्त गरेका छन् । गजलहरूमा विचलन प्रयोगले गजलहरू उत्कृष्ट बनेका छन् ।

समग्रमा गजल सङ्ग्रहका गजलहरू भाषिक प्रयोगका दृष्टिले के कस्ता रहेका छन् ? उक्त प्रश्नमाथि छलफल गर्दा नमुना सहभागीहरूल एउटै विचार प्रस्तुत गरेका छन् । गजलहरूमा प्रयोग भएको भाषा स्तरीय रहेको विचार प्रस्तुत गरेका छन् । स्तरीय भाषा प्रयोग भएकाले सङ्ग्रहका गजलहरू उत्कृष्ट बनेका छन् ।

### अध्याय सात

## सारांश, निष्कर्ष र उपयोगिता

### ७.१ सारांश

सडक गजल सङ्ग्रहमा शैलीवैज्ञानिक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्रमा युवा गजलकार कमल संघर्षद्वारा रचित सडक गजल सङ्ग्रहका गजलहरूमा प्रयुक्त शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । यो शोधपत्र सात अध्यायमा विभक्त रहेको छ ।

अध्याय एकमा शोध परिचय शीर्षक रहेको छ । यसअन्तर्गत विभिन्न उपशीर्षकहरू रहेका छन् । अध्ययनको पृष्ठभूमिमा शोधको शीर्षक वा विषयलाई सङ्क्षिप्तमा चिनाइएको छ । उक्त क्रममा सडक गजल सङ्ग्रह र साहित्यको शैलीवैज्ञानिक पद्धतिको सामान्य चिनारी दिई शीर्षकलाई प्रस्ट्याइएको छ । समस्या कथनमा सडक गजल सङ्ग्रहको शैलीवैज्ञानिक चयन, विचलन र सामानान्तरताको र गजलीय स्वरूप र संरचनाको खोज अध्ययनलाई शोधकार्यको मूल समस्या बनाइएको कुरा उल्लेख गरिएको छ भने त्यसको समाधान गर्नु शोधकार्यको उद्देश्य रहेको कुरा उल्लेख गरिएको छ । शोधकार्यको सान्दर्भिकता र उपादेयतामा उक्त महत्त्वपूर्ण गजल सङ्ग्रहको अहिलेसम्म शोध अध्ययन नभएकोले यो शोधकार्य सान्दर्भिक रहेको र यस शोधकार्यबाट सडक गजल सङ्ग्रह र शैलीवैज्ञानिक विश्लेषण प्रक्रियाका सम्बन्धमा जिज्ञासा राख्ने जोसुकैले पनि ज्ञान प्राप्त गर्न सक्ने भएकाले यसको उपादेयता रहेको कुरा उल्लेख गरिएको छ । शोधकार्यको सिमाङ्कनमा प्रस्तुत शोधकार्यमा सडक गजल सङ्ग्रहका गजलहरूको अध्ययन, शैलीवैज्ञानिक विश्लेषण प्रक्रिया र गजलीय संरचनाका र तत्त्वका आधारमा मात्र गरिएको कुरा उल्लेख गरिएको छ । यस अध्यायको अन्त्यमा प्रस्तुत शोधपत्रलाई सातवटा अध्यायमा सङ्गठित र व्यवस्थित गरिएको कुरा उल्लेख गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक स्वरूप शीर्षक रहेको छ । पूर्वकार्यको पुनरावलोकनमा सडक गजल सङ्ग्रह र शैलीवैज्ञानिक विश्लेषण प्रक्रिया निकट र सम्बन्धित रहेका यसअगिका अध्ययन तथा शोधकार्यको पुनरावलोकनलाई पुस्तक पुनरावलोकन र शोध पुनरावलोकन गरी छुट्टाछुटै रूपमा प्रस्तुत गरिएको छ । सैद्धान्तिक

स्वरूपअन्तर्गत शैलीविज्ञानको परिचय यसको विश्लेषण प्रक्रियाको उल्लेखका साथै गजलको संरचना र तत्त्वको विश्लेषण विभिन्न उपशीर्षकहरूमा गरिएको छ ।

अध्याय तीनको शीर्षक अध्ययन विधि र प्रक्रिया रहेको छ । यसअन्तर्गत विभिन्न उपशीर्षकहरूमा पुस्तकालयीय अध्ययनका आधारमा सडक गजल सङ्ग्रहलाई प्राथमिक स्रोत तथा शैलीविज्ञानसँग सम्बन्धित शोधपत्र, गजलसम्बन्धी पुस्तक तथा विभिन्न कार्यक्रमहरू द्वितीयक स्रोत मानी सामाग्री सङ्कलन गरिएको कुरा उल्लेख छ । साथै गजल सङ्ग्रहसम्बन्धी बीसजना पाठकको अभिमत लिई विश्लेषण गरिएको कुरा उल्लेख छ । सामग्री तथा विश्लेषणका क्रममा मूलतः वर्णनात्मक, विश्लेषणत्मक र निगमन तथा उदाहरणको पुष्टि गरी निष्कर्षमा पुग्नका लागि अंशतः आगमन विधिको उपयोग गरिएको कुरा उल्लेख गरिएको छ ।

अध्याय चारमा गजलको संरचना र तत्त्वका आधारमा सडक गजल सङ्ग्रहका गजलहरूको विश्लेषण गरिएको छ । गजलको संरचनाअन्तर्गत सेर, काफिया, रदिफ र तखल्लुसका आधारमा सडक गजल सङ्ग्रहलाई चिनाइएको छ भने गजलको तत्त्वमा भाव तथा विषयवस्तु, कल्पना, सङ्गीत, अनुप्रास, गजल वाचन र बिम्ब तथा प्रतीकका आधारमा सडक गजल सङग्रहका गजलहरूकोविश्लेषण गरिएको छ ।

अध्याय पाँचको शीर्षक भाषिक चयनका आधारमा सडक गजल सङ्ग्रहका गजलहरूको विश्लेषण रहेको छ । यसअन्तर्गत शब्द चयन, वाक्य चयन र लेख्यचिह्न प्रयोगको विश्लेषण गरिएको छ । शब्द चयनमा स्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक शब्दको विशलेषण गरिएको छ । त्यस्तै वाक्य चयनमा सरल, संयुक्त र मिश्र वाक्यको आधारमा गजल सङ्ग्रहका गजलहरूको विश्लेषण गरिएको छ । लेख्यचिह्नमा गजल सङ्ग्रहका गजलहरूमा प्रयोग भएका प्रश्नवाचक र विस्मयसूचक चिह्नको विश्लेषण गरिएको छ ।

अध्याय छको शीर्षक सडक गजल सङ्ग्रहका गजलहरूमा अग्रभूमि निर्माण र पाठक अभिमत रहेको छ । यसअन्तर्गत विचलन र समानान्तरताको विश्लेषण गरिएको छ । विचलनमा अर्थतात्त्विक विचलन, व्याकरणिक विचलन, प्रयुक्ति विचलन, ध्वनिप्रक्रियात्मक विचलन र भाषिका विचलनका आधारमा सडक गजल सङ्ग्रहका गजलहरूको विश्लेषण

गरिएको छ भने समानान्तरताका आधारमा गजल सङ्ग्रहका गजलहरूको आन्तरिक र बाह्य समानान्तरताको विश्लेषण गरिएको छ । बाह्य समानान्तरतामा वर्णगत र शब्दगत समानान्तरताको विश्लेषण गरिएको छ। पाठक अभिमतमा बीसजना गजल सङ्ग्रह पढेका र शैलीविज्ञानसम्बन्धी ज्ञान भएका पाठक वर्गबाट प्रश्नावली तयार पारी सोहीअनुसार अभिमत लिई विश्लेषण गरिएको छ ।

अध्याय सातमा सारांश र उपयोगिता शीर्षक रहेको छ । सारांशअन्तर्गत प्रत्येक अध्यायमा उल्लेख गरिएका मुख्य कुराहरूलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ । निष्कर्षअन्तर्गत अध्याय चार, पाँच र छमा गरिएको व्याख्या तथा विश्लेषणबाट प्राप्त उपलब्धिहरूलाई बुँदागत रूपमा उल्लेख गरिएको छ । त्यस्तै उपयोगिताअन्तर्गत प्रस्तुत शोधकार्यका नीतिगत र प्रयोगगत उपयोगितालाई बुँदागत रूपमा उल्लेख गरिएको छ।

## ७.२ निष्कर्ष

युवा गजलकार कमल संघर्षद्वारा रचित सडक गजल सङ्ग्रहका गजलहरूको शैलीवैज्ञानिक अध्ययन विषयमा गरिएको प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा यसप्रकार उल्लेख गरिएको छ :

- सडक गजल सङ्ग्रहका गजलहरू गजलीय संरचना तथा तत्त्वका दृष्टिले उत्कृष्ट रहेका छन् । यसमा सङ्गहीत ७६ वटै गजलहरूमा काफिया, रदिफ र तखल्लुस आदिको उपयुक्त तरिकाले संयोजन भएको तथा विषयवस्तुको विविधता भएको पाइन्छ ।
- प्रत्येक गजलले विशिष्ट विषयवस्तुलाई उठाएका छन् । गजलहरूमा पर्याप्त मात्रामा कल्पनाको प्रयोग भएको छ जसले विषयवस्तुलाई उत्कृष्ट बनाएको पाइन्छ ।
- गजल सङ्ग्रह गजलीय तत्त्वका दृष्टिले निकै उत्कृष्ट छ । यस कृतिमा गजलको भाव विषयवस्तु, कल्पना, अनुप्रास, सङ्गीत र बिम्ब प्रतीक आदि तत्त्वहरूको उत्कृष्ट संयोजन रहेको पाइन्छ ।
- भाषिक चयनमा शब्द चयन र वाक्य चयन, उत्कृष्ट रहेको पाइन्छ । स्रोतका दृष्टिले तत्सम, तद्भव तथा आगन्तुक शब्दको प्रयोग भएको छ ।

- गजल सङ्ग्रहमा लेख्यचिह्न प्रयोगमा प्रश्नवाचक र विस्मयबोधक चिह्न बाहेक अन्य चिह्नहरू प्रयोग भएको पाइदैंन ।
- गजल सङ्ग्रहमा आगन्तुक शब्दको अत्यधिक प्रयोग भएको छ ।
- भाषिक विचलनमा सडक गजल सङ्ग्रहका गजलहरूमा अर्थतात्त्विक, प्रयुक्ति, व्याकरणिक, ध्वनिप्रक्रियात्मक र भाषिका विचलन जस्ता विचलनको प्रयोगले उत्कृष्ट रहेको छ ।
- सडक गजल सङ्ग्रह अर्थतात्त्विक विचलनका दृष्टिले पनि उत्कृष्ट सङ्ग्रह हो । यस सङ्ग्रहका गजलहरूमा सामान्य कुरालाई पनि अर्थतात्त्विक विचलनका माध्यमबाट विशेष किसिमले प्रस्तुत गरिएको छ ।
- समानान्तरताका दृष्टिले गजल सङ्ग्रहका गजलहरूमा आन्तरिक र बाह्य समानान्तरताको प्रयोग भएको पाइन्छ ।
- आन्तरिक समानान्तरताको पर्याप्त प्रयोग भएको तथा गजल सङ्ग्रहमा बाह्य समानान्तरताको प्रयोग अत्यधिक भएको छ ।
- बाह्य समानान्तरतामा वर्णगत र शब्दगत समानान्तरताको अत्यधिक प्रयोग भएको पाइन्छ । वर्णहरूको पुनरावृत्ति र शब्दहरूको पुनरावृत्तिले गजलका सेरहरूलाई गजल वाचनमा उत्कृष्ट बनाएका छन् ।
- समग्रमा भन्नुपर्दा सडक गजल सङ्ग्रहका गजलहरू शैलीवैज्ञानिक अध्ययन दृष्टिले सफल, उत्कृष्ट र समुन्नत रहेको निष्कर्ष प्राप्त भएको छ ।

## ७.३ उपयोगिता

युवा गजलकार कमल संघर्षद्वारा रचित सडक गजल सङ्ग्रहका गजलहरूको शैलीवैज्ञानिक अध्ययन गरी तयार पारिएको प्रस्तुत शोध अध्ययनको आफ्नै प्रकारको उपयोगिता रहेको छ । यसको उपयोगितालाई नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै रूपमा यसप्रकार उल्लेख गरिएको छ :

### ७.३.१ **नीतिगत उपयोगिता**

- यसबाट भाषा शिक्षणका लागि आवश्यक पर्ने पाठ्यक्रम र पाठ्यपुस्तक लेखन, सम्पादन र परिमार्जनका लागि पृष्ठपोषण प्राप्त हुन्छ ।
- यसबाट शैलीविज्ञान र विशेष गरी गजलसम्बन्धी सैद्धान्तिक ज्ञान प्राप्त हुन्छ ।
- साहित्यिक कृतिहरूको शैलीवैज्ञानिक अध्ययनको ढाँचा तयार पार्नमा यसले सहयोग गर्दछ ।
- कृतिको शैलीवैज्ञानिक विश्लेषण गर्ने ठोस आधार यसबाट प्राप्त हुन्छ ।
- यसबाट शैलीवैज्ञानिक भाषिक चयन,विचलन र समानान्तरताका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।
- यसबाट गजलीय संरचना र तत्त्वका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।
- यसले भाषा शिक्षक, शिक्षार्थी र साहित्यिक कृतिको शैलीका पक्ष रुचि राख्नेहरूलाई त्यससम्बन्धी ठोस ज्ञान प्रदान गर्दछ ।
- यसबाट शैलीवैज्ञानिक अध्ययन विश्लेषण प्रक्रियासम्बन्धी गरिने शोधकार्यको ढाँचा, क्रम, विधि र प्रक्रियाको सैद्धान्तिक ज्ञान प्राप्त हुन्छ ।

### ७.३.२ **प्रयोगगत उपयोगिता**

- प्रस्तुत शोधकार्यबाट कुनै पनि साहित्यिक कृतिको अग्रभूमि निर्माणको खोजी विश्लेषण र पुष्टि गर्न प्रायोगिक कार्यमा ठोस सहयोग प्राप्त हुन्छ ।
- यसले विद्यार्थीहरुलाई आफ्ना पाठ्यकृतिहरूमा रहेका भाषिक चयन, विचलन र समानान्तरताको तुलनात्मक अध्ययन गरी विशिष्ट शैलीलाई ठम्याउन सक्षम बनाउँछ ।
- यसले विद्यार्थीहरूलाई आफ्ना पाठ्यकृतिमा कसरी विशिष्ट शैलीको निर्माण भएको छ भन्ने कुरा बुझी त्यस्तै मौलिक शैलीको प्रयोग गर्न प्रेरित गर्दछ ।
- यसले विद्यार्थीलाई गजल तथा अन्य साहित्यिक कृतिको रचना गर्न चाहनेहरूलाई त्यसतर्फ अग्रसर गराउँछ ।
- यसबाट भाषा शिक्षणका क्रममा विशिष्ट शैलीको निर्माणका लागि उदाहरणहरू उपलब्ध हुन्छन् ।

– यसले गजलीय कृतिको शोधकार्य गर्न इच्छुक विद्यार्थीहरूलाई अभिप्रेरित गराउन सहयोग पुग्दछ ।

– यसबाट विद्यार्थीहरूलाई भाषासम्बन्धी सृजनात्मक क्षमता वृद्धिका लागि अभिप्ररित गराउन सहयोग पुग्दछ ।

**७.४ भावी शोधका निम्ति शीर्षक**

– कक्षा नौमा प्रयुक्त कथाहरूको शैलीवैज्ञानिक अध्ययन

– कक्षा आठमा प्रयुक्त कथाहरूको शैलीवैज्ञानिक अध्ययन

– कक्षा नौ र दशका कविताहरूको तुलनात्मक अध्ययन

– कक्षा आठमा प्रयुक्त कविताहरूको शैलीवैज्ञानिक अध्ययन

# सन्दर्भ सामग्री सूची


अधिकारी, लक्ष्मी (२०७२), *सेतो धरती उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौँ : शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

अधिकारी, हेमाङ्ग राज र बद्री विशाल भट्टराई (२०७०), *प्रयोगात्मक नेपाली शब्दकोश* ( दो.सं.), काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

आचार्य, प्रकाश (२०७२), *मुकुन्द इन्दिरा नाटकको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौँ : शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

काफ्ले, सावित्री (२०७३), *निद्रा आएन कथाको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौँ : शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

खड्का, रामबहादुर (२०७३), *साया उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौँ : शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

गिरी, शर्मिला कुमारी (२०७३), *राजेश्वरी खण्डकाव्यको भाषिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौँ : शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

घिमिरे, लक्ष्मी (२०७१), *के नेपाल सानो छ ? निबन्धको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर काठमाडौँ : शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

ढकाल, विजयप्रसाद (२०७३), *ध्रुव नाटकको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौँ : शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०५८), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

नेपाल, घनश्याम (२००९ ई.), *शैलीविज्ञान,* काठमाडौँ : एकता बुक्स हाउस ।

पुडासैनी, विरेन्द्र (२०६०), *राजेश्वरी खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौं : शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

पोखेल, लक्ष्मी (२०७४), *गौरी खण्डकाव्यमा अग्रभूमि निर्माण,*स्नातकोत्तर शोधपत्र, काठमाडौं : शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

पोखेल, विष्णुप्रसाद (२०६४), *राष्ट्रनिर्माता खण्डकाव्यको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौं : शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

बराल, कृष्णहरि (२०६४), *गजल सिद्धान्त र परम्परा,* काठमाडौं : साझा प्रकाशन ।

भट्टराई, डी.पी. र डिल्लीराम ढुङ्गेल (२०७४), *माध्यामिक नेपाली व्याकरण र अभिव्यक्ति,* ( पन्ध्रौ सं), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

मिश्र, रुपादेवी (२०७३), *घुम्ने मेचमाथि अन्धो मान्छे कविता सङ्ग्रहका कविताहरूमा अग्रभूमिकरण,*स्नातकोत्तर शोधपत्र, काठमाडौं : शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

रावल, कर्णबहादुर (२०७३), *प्रेतकल्प अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौं : शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

लामिछाने, यादव प्रकाश (२०७०), *प्रयोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र , गौतम वासुदेव र गणेशराज अधिकारी (२०६७), *प्रायोगिक भाषा विज्ञान* (ते.सं), काठमाडौं : भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र प्रसाद (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य समालोचना सिद्धान्त* (ते.सं), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

# प्रश्नावली

१. सडक गजल सङ्ग्रहका गजलहरू गजल सिद्धान्त (संरचना र तत्त्व) अनरूप के कस्ता रहेका छन् ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

२. सडक गजल सङ्ग्रहका गजलहरूमा काफिया र रदिफको प्रयोग केकस्तो रहेको छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

३. गजल सङ्ग्रहका गजलहरूमा तखल्लुस प्रयोगको अवस्था कस्तो रहेको छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

४. शब्द चयनका दृष्टिले सडक गजल सङ्ग्रह के कस्तो रहेको छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

५. सडक गजल सङ्ग्रहमा वाक्य चयन के कस्तो रहेको छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

६. सडक गजल सङ्ग्रहका गजलहरूमा स्रोतका आधारमा शब्द चयनमा कुन प्रकृतिका शब्द बढी प्रयोग भएका छन् ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

७. सडक गजल सङ्ग्रहका गजलहरूमा विचलन प्रयोगको अवस्था के कस्तो रहेको छ ?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

८. सडक गजल सङ्ग्रहका गजलहरूमा समानान्तरताको अवस्था के कस्तो रहेको छ ?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

९. सडक गजल सङ्ग्रहका गजलहरूमा कुन प्रकृतिको विचलन बढी भएको छ ?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

१०. समग्रमा गजल सङ्ग्रहका गजलहरू भाषिक प्रयोगका दृष्टिले के कस्ता रहेका छन् ?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

**अभिमतकर्ता**

नाम : ......................................

कार्यरत संस्था : ..............................

सम्पर्क : .....................................

## शोधार्थीको व्यक्तिगत विवरण



| | | |
|---|---|---|
| **नाम** | : | रामसिँह डडाल |
| **जन्मस्थान** | : | मार्मा गाउँपालिका ६ शेरी (मौरे) दार्चुला |
| **हालको ठेगाना** | : | बुढानिलकण्ठ नगरपालिका १२, काठमाडौं । |
| **माता र पिता** | : | श्री दुरादेवी डडाल र श्री दलि डडाल |
| **पत्नी** | : | विमला खडायत (डडाल) |
| **नागरिता** | : | नेपाली |
| **धर्म** | : | हिन्दू |
| **मातृभाषा** | : | नेपाली |
| **सम्पर्क** | : | ९८४८७०७६२९/९८२३३१२६८८ |
| **इमेल** | : | ramdadal830@gmail.com |
| **पेसा** | : | शिक्षण |
| **कार्यरत संस्था** | : | त्रिनेत्र विद्या निकेतन बुढानिलकण्ठ नगरपालिका १२, कपन काठमाडौं । |
| **रुचि** | : | अध्ययन अध्यापन, साहित्य, पत्रकारिता, नृत्य र भ्रमण समाजसेवा । |
| **शैक्षिक योग्यता** | : | नेपाली शिक्षा विषयमा स्नातकोत्तर (एम.एड.) |

**शैक्षिक योग्यताको विवरण**

| **क्र.स.** | **तह** | **अध्ययन गरेको संस्था** | **उत्तीर्ण साल** |
|---|---|---|---|
| १. | प्रवेशिका | श्री गणेश विनायक उच्च मा. वि. सिप्टी दार्चुला | २०६४ |
| २. | प्र.प्रमाण पत्र | श्री गणेश विनायक उच्च मा. वि. सिप्टी दार्चुला | २०६७ |
| ३. | स्नातक (वि.एड.) | डडेल्धुरा शिक्षा क्याम्पस डडेल्धुरा | २०७१ |
| ४. | स्नातकोत्तर (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि. कीर्तिपुर | |